का.जि.प्र.का.द.नं. १००/०५९/६०
वर्ष १९, अंक ३०७
१६ पुस २०७८, शुक्रबार
31 December 2021, Friday
www.madhyanhadaily.com
पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily
राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला ।



गुरुङ समुदायको नयाँ वर्ष तमु ल्होसारमा भेषभुषासहित राजधानीमा निस्किएको प्रदर्शन । तस्बिर : सेतोपाटी

प्रकृति सकिए जीवन सिद्धिन्छ ।
त्यसैले प्राकृतिक सम्पदाको
अतिक्रमण र दोहन नगरौं ।
वनजंगल, नदीनाला, पहाडपर्वत, जडीबुटी,
जीवजन्तु र जैविक विविधताको संरक्षण गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

### माओवादी महाधिवेशन

# प्रतिनिधिहरुको प्रश्नैप्रश्न



नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले प्रस्तुत गरेको राजनीतिक प्रतिवेदनको समूहगत छलफल बिहीबार सकिएको छ । २५ समूहमा भएको छलफलपछि प्रतिनिधिहरुले नेतृत्वसँग केही महत्वपूर्ण प्रश्न गरेका छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १५ पुस ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले प्रस्तुत गरेको वैचारिक-राजनीतिक प्रतिवेदनमाथि छलफल सकिएको छ । ११ पुसदेखि प्रज्ञाभवन कमलादीमा शुरु भएको महाधिवेशनमा अध्यक्ष प्रचण्डले 'समाजवादमा पुग्ने नेपाली बाटो' शीर्षकमा राजनीतिक प्रतिवेदन पेश गरेका थिए । सोमबार प्रचण्डले पेश गरेको प्रतिवेदनमाथि छलफल गर्न २५ समूह बनाइएको थियो ।

१६ सय बढी प्रतिनिधिलाई भूगोल, जनसंगठन, प्रवास, सल्लाहकार, जनसंगठन लगायत क्लस्टरका आधारमा २५ समूहमा विभाजित गरिएको थियो । मंगलबार र बुधबार समूहगत छलफलपछि बन्दसत्र हलमा टोली नेताहरुले सुझाव पेश गरेका छन् । बुधबार ११ समूहको प्रस्तुति भएको थियो भने बाँकी समूहले बिहीबार सुझाव राखे ।

अधिकांश प्रतिनिधिले प्रतिवेदनले पार्टीको आगामी बाटो प्रस्ट नपारेको बताएका थिए । विशेषगरी समाजवादमा कसरी पुग्ने भन्ने ठोस् कार्यक्रम नआएको बताएका थिए । प्रचण्डले समाजवादमा पुग्न पार्टीपंक्ति उत्पादनसँग जोडिनुपर्ने प्रस्ताव गरेका थिए । केही कमजोरीप्रति आत्मालोचना सहित प्रस्तुत भएका प्रचण्डले पार्टीको भावी कार्यक्रम प्रस्तुत गरेका थिए ।

बिना छलफल प्रचण्डपथ छोड्नु गल्ती भएपनि अब पछाडि फर्कन

– बाँकी पृष्ठ २ मा

# प्रन्या परिवारको सम्पत्ति छानबिन शुरू

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १५ पुस ।

सम्पत्ति सुद्धीकरण अनुसन्धान विभागले प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको परिवारको सम्पत्ति छानबिन प्रक्रिया अगाडि बढाएको छ । अनुसन्धान अधिकृत तोकेर विभागले जबराको परिवारको सम्पत्ति छानबिन प्रक्रिया अगाडि बढाएको हो ।



सर्वोच्च अदालतका न्यायाधीशहरु र नेपाल बार एशोसिएशनले राजीनामा मागिरहेका प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको परिवारको सम्पति छानबिन प्रक्रिया अगाडि बढेको छ ।

विभागका एक अधिकारी अनुसार, अनुसन्धान टोलीले छानबिनको प्रक्रिया अगाडि बढाइरहेको छ । चिकित्सक डा. गोविन्द केसीले प्रधानन्यायाधीश जबरा, उनको परिवार र आफन्तको सम्पत्ति छानबिन गर्न उजुरी दिएका थिए । केसीको उजुरीकै आधारमा सम्पत्ति छानबिन प्रक्रिया अगाडि बढाइएको छ ।

पदमा भएकाले जबराको भने सम्पत्ति छानबिन हुन सक्दैन । तर उनको परिवारका सदस्य र आफन्तको छानबिन गर्न बाधा नपर्ने भएकाले प्रक्रिया अगाडि बढाइएको विभागले जनाएको छ । सम्पत्ति छानबिनका क्रममा परिवारको नाममा रहेको सम्पत्ति, बैंक ब्यालेन्स, जग्गा, शेयर लगायतमाथि अनुसन्धान हुनेछ ।

बैंकमा रहेको मौज्दात र कारोबार हेर्न राष्ट्र बैंकलाई पत्र पठाउने विभागले तयारी गरेको छ । नेपाल प्रहरी, राजश्व विभाग, धितोपत्र बोर्डसँग पनि विभागले आवश्यक सहयोग लिनेछ । यस्तै जग्गाबारे विवरण लिन मालमोतलाई पत्र लेख्ने तयारी विभागले गरेको छ ।

डा.केसीले भने प्रधानन्यायाधीश जबरालाई सहयोग गर्ने न्यायाधीश, संवैधानिक निकायका पदाधिकारी र कर्मचारीको पनि सम्पत्ति छानबिन गर्न माग गरेका छन् । प्रधानन्यायाधीश, न्यायाधीशहरुको भने पदमा भइञ्जेल सम्पत्ति छानबिन गर्न कानूनले दिदैन । जबराको राजीनामा माग्दै सर्वोच्चकै न्यायाधीशहरुले

– बाँकी पृष्ठ २ मा

# प्रगतिशील मञ्चद्वारा अध्यक्ष र महासचिवसहित केही पदमा उम्मेद्वार सार्वजनिक

**मध्यान्ह सम्वाददाता**
काठमाडौं, १५ पुस ।

प्रमुख प्रतिपक्षी नेकपा एमाले निकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आगामी निर्वाचनको लागि केही प्रमुख पदमा उम्मेदवारको टुंगो लगाएको छ। मञ्चले अध्यक्ष र महासचिवसहित केही प्रमुख पदमा उम्मेदवारको टुंगो लगाएको हो । मञ्चका महासचिव डिक बहादुर खत्री 'कुमार'का अनुसार मञ्चका पूर्व अध्यक्ष एवं संघका प्रथम उपाध्यक्ष हरिबहादुर पाण्डे क्षेत्रीको नेतृत्वमा निर्वाचनमा प्रतिश्पर्धा गर्ने निर्णय गरेको छ ।

महासचिव खत्रीका अनुसार प्रथम उपाध्यक्षमा पूर्व द्वितीय उपाध्यक्ष मुक्तिनाथ अधिकारी, तृतीय उपाध्यक्षमा तेजुमाया लिम्बू, महासचिवमा खत्री आफै र सदस्यहरूमा देव लिम्बू र माधव भुर्तेल उम्मेदवार बन्ने निर्णय गरिएको छ ।

मञ्चले सकेसम्म सहमति र तालमेलको नीतिलाई पनि उच्च प्राथिमकतामा राखेको बताउँदै महासचिव खत्रीले त्यसका लागि पूर्व अध्यक्ष तथा संघका पूर्व महासचिव नरेश गेलालको संयोजकत्वमा विभिन्न जातीय, भेगीय राजनीतिक दल निकटका संघसंस्थासंग वार्ता गर्न समिति पनि बनाएको छ ।

महासचिव खत्रीले केही पदमा उम्मेदवारी घोषणा गरे पनि मञ्च शक्ति सन्तुलनको आधारमा सहमतिले संघको नेतृत्व र कार्यसमिति चयन गर्नुपर्ने मान्यतामा रहेको बताए ।

सहमतिको पहल गर्ने पक्षलाई कमजोरीको रूपमा हेर्ने र बुझ्ने गलत अभ्यास भएका कारणले सहमतिको विषयलाई नजरअन्दाज गर्ने गरेको भन्दै महासचिव खत्रीले २०६९ / ०७० पछि वैदेशिक रोजगारमा उत्पन्न संकट समाधान गर्नुपर्ने हालको अवस्थामा सहमतिको नेतृत्व आम व्यवसायीको चाहना रहेको बताए ।

मञ्चले बरिष्ठ उपाध्यक्ष गोविन्द कटुवालको संयोजकत्वमा आर्थिक समिति गठन गरेको छ भने प्रचार प्रसार समितिको नेतृत्व महासचिव खत्रीले नै गरिरहेका छन् । उनले निर्वाचन परिचालन मुल व्यवस्थापन समिति र उमेदवार छनौट समिति केही दिनभित्रै सार्वजनिक गरिने समेत जानकारी दिए ।

संघको साधारणसभा पुस ३० गते गर्ने संघले निर्णय गरिसकेको छ । निर्वाचन समितिले पुस १७ गते मतदाता नामावली सार्वजनिक गर्ने कार्यतालिका बनाएको छ । संघले पुस २० भित्र प्रतिनिधि पठाउन र लेबी बुझाउन विभिन्न संस्थाहरूले आग्रह गरिरहेका छन् । निर्वाचन समितिका सदस्य सचिव संघका कानुनी सल्लाहकार शंम्भु निरौलाले तोकिएको मिति भन्दा पछि आउने प्रतिनिधिले चुनावमा मतदान गर्न नपाउने बताउँदै आएका छन् ।

आधिकारिक उम्मेदवार घोषणा नभएको भए पनि निर्वाचनमा नेपाली कांग्रेस निकट नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनबाट कार्यवाहक

– बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## वैदेशिक रोजगारीमा जानेलाई हप्ताको तीन दिन खोप

**शरद रिजाल/मध्यान्ह**
दाङ, १५ पुस ।

दाङमा वैदेशिक रोजगारीमा जानेलाई लक्षित गरेर कोरोनाविरुद्धको खोप लगाइने भएको छ। हप्ताको तीन दिन तीन ठाउँबाट खोप लगाइने स्वास्थ्य कार्यालय दाङका प्रमुख अङ्गदबहादुर शाहीले जानकारी दिए ।

हरेक सोमबार घोराहीस्थित स्वास्थ्य कार्यालयबाट, हरेक बुधबार तुलसीपुरस्थित राप्ती प्रादेशिक अस्पतालबाट र हरेक शुक्रबार देउखुरीस्थित सिसहनिया स्वास्थ्य चौकीमा खोप लगाइने भएको छ ।

बुधबार बसेको कोभिड-१९ खोप समन्वय समिति र

– बाँकी पृष्ठ २ मा

## नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचनसहितको साधारण सभा सम्बन्धी सूचना

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको मिति **२०७८ मंसिर २१** गते बसेको संघ कार्य समितिको निर्णय अनुसार संघको विधानको दफा २४ (२) को व्यवस्था बमोजिम आगामी मिति २०७८/०९/२३ गते हुन गैरहेको संघको **२९ औं** निर्वाचनसहितको साधारणसभा गर्ने निर्णय गरी पत्र पत्रिकामासमेत संघले सूचना प्रकाशित गरेकोमा यस संघसँग सम्बन्धित विभिन्न संघ संस्थाले निर्वाचनको मिति सार्नका लागि संघमा लिखितरुपमा निवेदन दर्ता गराए पश्चात् मिति **२०७८ पौष ७ गते** बसेको कार्य समितिको बैठकले मिति **२०७८ पौष ३०** गते संघको साधारणसभा तथा निर्वाचन अनुपम फुड्ल्याण्ड बत्तीसपुतली, काठमाडौंमा गर्ने निर्णय गरिएको व्यहोरा सम्बन्धित वैदेशिक रोजगार व्यवसायीज्यूहरुमा जानकारी गराउँदछौं ।

**सभामा निर्णयार्थ पेश गरिने विषयहरु (एजेण्डाहरु)**

१. कार्यसमितिको तर्फबाट प्रस्तुत गर्ने प्रगति विवरण र संघद्वारा भएका कार्यहरु उल्लेख गरिएको प्रतिवेदन पारित गर्ने ।
२. आयव्ययको विवरणसहितको वासलात उपर छलफल गरी पारित गर्ने ।
३. लेखा परीक्षकको नियुक्ति गरी निजलाई दिने पारिश्रमिक तोक्ने ।
४. आगामी कार्यकालका लागि संघ कार्यसमितिको निर्वाचन गर्ने ।

**साधारणसभा सम्बन्धी थप जानकारीहरु**

साधारणसभामा भाग लिने प्रतिनिधि मनोनयन गरी संघमा बाँकी रहेको मासिक शुल्क (लेवी) भुक्तान गरी संघमा कम्पनीको लेटरहेडमा लिखित निवेदन, शेयर लगतको प्रतिलिपि, नागरिकता वा राहदानीको प्रतिलिपि र **पासपोर्ट साइजको दुई प्रति फोटो मिति २०७८/०९/२० गते भित्र** पठाई प्रतिनिधिबारे जानकारी गराउन हुन अनुरोध छ ।

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
बत्तीसपुतली, गौशाला, काठमाडौं, फोन नं. ०१- ४४९०९६९/४४९४४१८
E-mail: info@nafea.org.np/nafea@wlink.com.np, nafea69@gmail.com
Website: www.nafea.org.np | Facebook: www.facebook.com/nafeaorg

# कोरोनाविरुद्धको खोपको अतिरिक्त मात्रा दिइने

**विष्णुलक्ष्मी खरेल/मध्यान्ह**
काठमाडौं, १५ पुस

सरकारले नागरिकालाई कोरोना भाइरसविरुद्धको खोपको अतिरिक्त मात्रा दिने भएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आवश्यकताका आधारमा अतिरिक्त खोप दिन लागिएको जनाएको छ। अतिरिक्त खोप कहिलेबाट दिने भन्ने निर्णय खोप सल्लाहकार समितिले गर्ने छ । रोग प्रतिरोधात्मक क्षमता कम भएका क्यान्सर रोगी, अंग प्रत्यारोपण गर्नेहरू र एचआइभी लगायतका बिरामीले सुरुमै अतिरिक्त खोप पाउने छन् । चिनियाँ कम्पनीले उत्पादन गरेको 'भेरोसेल' खोप लगाएका ६० वर्ष माथिका वृद्धवृद्धालाई पनि अतिरिक्त मात्रा दिइने छ । अतिरिक्त मात्रा दिन कम्तीमा खोप लगाएको तीन महिना पूरा भएको हुनुपर्ने छ ।

यसअघि स्वास्थ्य मन्त्रालयले 'बुस्टर डोज' लगाउने बताएको थियो । बुस्टर डोज दिनुअघि विशेष समूहका व्यक्तिलाई खोपको अतिरिक्त डोज दिन लागिएको हो । बुस्टर डोज भने सबैलाई दिइनेछ ।



### निधन हुनेको संख्या शून्य

बिहीबार कोरोना भाइरसको संक्रमणबाट कसैले पनि ज्यान गुमाउनुपरेको छैन । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार बिहीबार संक्रमणबाट कसैको पनि निधन नभएको उल्लेख गरिएको छ । बुधबार भने संक्रमणबाट दुई जनाको निधन भएको थियो । अहिलेसम्म नेपालमा कोरोना भाइरसको संक्रमणबाट ११ हजार ५९० जनाको निधन भइसकेको छ। बिहीबार आठ हजार ८९७ जनामा कोरोना परीक्षण गर्दा २४१ मा संक्रमण पुष्टि भएको जनाइएको छ। यससँगै सक्रिय संक्रमित संख्या नेपालमा चार हजार ८७१ पुगेको छ ।

पछिल्लो समय थप २२८ जना कोरोनाबाट निको भएर घर फर्किएका छन् । यससँगै निको हुनेको संख्या आठ लाख ११ हजार ७४६ पुगेको छ। निको हुने दर ९८ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ । पाँच सयभन्दा बढी संक्रमण भएका जिल्ला काठमाडौँ, ललितपुर र भक्तपुर रहेका छन्। २०० भन्दा बढी संक्रमित भएका जिल्लामा सुनसरी, कास्की, बाँके र कैलाली रहेका छन् ।

यस्तै शून्य संक्रमित भएका जिल्ला सोलुखुम्बु, रसुवा मनाङ, मुस्ताङ, हुम्ला, मुगु र बाजुरा रहेका छन् । नेपालमा संक्रमण दर १७.१ प्रतिशत रहेको छ । हाल होम आइसोलेशनमा चार हजार ६३४, संस्थागत आइसोलेशनमा २३७, आइसीयूमा ८४ र भेन्टिलेटरमा २३ जनाको उपचार हुँदैछ ।

त्यसैगरी पछिल्लो समय ५६ हजार ११२ जनाले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन्। अहिलेसम्म पहिलो मात्रा एक करोड ३९ लाख ७१ हजार ६६८ जनाले र पूर्ण मात्रा एक करोड तीन लाख १० हजार ६९२ जनाले खोप लगाएका छन् ।

# निसास्सिएर एकै परिवारका चारको मृत्यु

**पवन जयसवाल/मध्यान्ह**
बाँके, १५ पुस

बाँकेको नेपालगञ्जस्थित भेरी अस्पतालको कर्मचारी आवासमा गृहमा एकाघर चार जनाको मृत्यु छ भने अन्य तीन जनाको उपचार भइरहेको छ । अस्पतालको स्टोर शाखामा कार्यरत धनप्रसाद भट्टराईसहित उनका परिवार र आफन्तको मृत्यु भएको बाँकेका प्रहरी उपरीक्षक श्यामकृष्ण अधिकारीले बताए ।

मृत्यु हुनेमा धनप्रसाद सहित उहाँकी बहिनी अन्दाजी २२ वर्षीया कोली, तीन महिनाका छोरा इप्सन भट्टराई र सासू अन्दाजी ५५ वर्षीया कोपिला छन् ।

खाँडाचक्र नगरपालिका-६ कालीकोट निवासी उनीहरु एउटै कोठामा सुतेका बताइएको छ। चिसोमा कोइला बालेर सुतेका कारण निसास्सिएर मृत्यु भएको हुनसक्ने प्रहरीको अनुमान छ । चार जनाको मृत्यु भएपनि अन्य तीन जना अचेत अवस्थामा फेला परेका थिए। ती मध्ये एक जनाको होस खुलेपनि दुई जना अझै अचेत अवस्थामै रहेको प्रहरी उपरीक्षक अधिकारीले जानकारी दिए ।

तीन जनाको भेरी अस्पतालमा उपचार भइरहेको छ। आज बिहान करिब ६ बजेतिर कोठामा गएर अन्य कर्मचारीले हेर्दा चार जना मृतास्थामा फेला परेका थिए । धनप्रसाद सहित उक्त निवासमा सात जना थिए ।

घटनाबारे जानकारी पाउनासाथ प्रमुख जिल्ला अधिकारी सूर्यबहादुर खत्री र प्रहरी उपरीक्षक अधिकारीको टोली घटनास्थल पुगेको थियो । प्रजिअ खत्रीले घटनास्थल हेर्दा निसास्सिएर मृत्यु भएको आशंका गरिएपनि विस्तृत कुरा शव परीक्षण रिपोर्टले बताउने बताए ।

# चिकित्सक अभाव हुँदा सेवा प्रभावित

**गणेश सिंह धामी/मध्यान्ह**
दार्चुला, १५ पुस

जिल्ला अस्पताल दार्चुलामा चिकित्सक अभाव हुँदा सेवाग्राही मर्कामा परेका छन् । अस्पतालमा दरबन्दीअनुसार चिकित्सक नहुँदा समस्या भएको हो ।

जिल्ला अस्पताल र गोकुलेश्वर अस्पतालमा मेडिकल सुपरिटेन्डेण्टको दरबन्दी रिक्त छ। जिल्ला अस्पतालमा दुई दरबन्दी भए पनि अहिले रिक्त रहेको छ । दरबन्दीमा रहेका चिकित्सक छात्रवृत्ति अध्ययनअन्तर्गत बिदामा बसेपछि रिक्त रहेको हो ।

प्रदेश लोकसेवा आयोगले विज्ञापन नखोल्दा स्वास्थ्यकर्मी अभाव भएको जिल्ला अस्पतालका प्रशासन शाखा प्रमुख आनसिंह डाँगाले बताए। रिक्त दरबन्दी विवरण प्रदेश लोकसेवा आयोगलाई पठाएको उनले बताए । अस्पतालमा तीन स्टाफ नर्सको दरबन्दी रहेकामा तीनै जना कार्यरत छन्। अस्पतालमा हेल्थ असिस्टेन्ट एक, अहेब दुई, अनमी दुई तथा ल्याब असिस्टेन्ट एक जना कार्यरत रहेका छन् । जिल्लामा हाल ४० स्वास्थ्य चौकी, पाँच निर्माणाधीन आधारभूत अस्पताल, ३३ सामुदायिक स्वास्थ्य इकाई, चार नगर स्वास्थ्य केन्द्र, १४४ गाउँघर क्लिनिक, १४२ खोप केन्द्र, आठ माइक्रोस्कोपिक सेन्टर, दुई डट्स सेन्टर तथा तीन सब कोल्ड चेन सेन्टर छन्। जिल्लाभरी १४ मेडिकल अधिकृत, एक जनस्वास्थ्य अधिकृत, ४३ हेल्थ असिस्टेन्ट, २१ स्टाफ नर्स, ११७ सिनियर अहेब, १७४ सिनियर अनमी तथा ३० ल्याब टेक्निसियन कार्यरत छन् ।

जिल्लामा एक वर्षको अवधिमा एक हजार १८२ जनाले स्वास्थ्य बीमा गराएका छन्। कोरोनाविरुद्धको पूर्ण खोप लगाउनेको संख्या ६४ हजार ३७० जना पुगेको छ । व्यास गाउँपालिकामा चार हजार २२३, दुहुँमा पाँच हजार ११२, महाकाली नगरपालिकामा ११ हजार ९४०, नौगाड गाउँपालिकामा सात हजार ६८१, अपिहिमाल गाउँपालिकामा तीन हजार ३९०, मार्मा गाउँपालिकामा ६ हजार ५१०, शैल्यशिखर नगरपालिकामा ११ हजार ८५६, मालिकार्जुन गाउँपालिकामा आठ हजार ६३५ तथा लेकम गाउँपालिकामा पाँच हजार १२३ जनाले खोपको पूर्ण मात्रा लगाएका छन् ।

# कार दुर्घटनामा एक जनाको मृत्यु



**भक्तपुर/मस**–भक्तपुरबाट तीव्र गतिमा काठमाडौंतर्फ जादै गरेको कार दुर्घटना हुँदा एकको मृत्यु भएको भएको छ भने दुई जना घाइते भएका छन् ।

मध्यपुरथिमि नगरपालिका-४ चारदोबाटोस्थित अरनिको राजमार्ग खण्डमा तीव्र गतिमा काठमाडौं जाँदै गरेको बा४च ५७६ नम्बरको कार सडकको बीचमा रहेको डिभाइडरमा ठोक्किएर दुर्घटना भएको थियो । सो कारले गुडिरहेको अर्को ट्याक्सीलाई समेत ठक्कर दिँदा कारमा सवार धनुषा जनकपुर उपमहानगरपालिका-१५ घर भई काठमाडौं महानगरपालिका शान्तिनगर बस्ने वर्ष २२ का अभिषेक शाहको मृत्यु भएको महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी नायब उपरीक्षक राजु पाण्डेले जानकारी दिए ।

दुर्घटना भएलगत्तै घाइते भएका तीनै जानलाई उपचारका लागि मध्यपुर अस्पताल लगिएकामा उपचारकै क्रममा शाहको गए राति मृत्यु भएको उनले जानकारी दिए। दुर्घटनामा कार चालक सिन्धुली कमलामाई नगरपालिका-१२ का २५ वर्षीय सविन घिसिङ गम्भीर घाइते भएका छन्। घाइते घिसिङको मध्यपुर अस्पतालमा गम्भीर अवस्थामा उपचार भइरहेको उनले जानकारी दिए ।

डिभाइडरमा ठोक्किएर पुनः ट्याक्सीसँग ठोक्किएपछि घाइते भएका ट्याक्सी चालक रामेछापको मन्थली नगरपालिका-१२ घर भई हाल ललितपुर बस्ने ३२ वर्षीय भीमसेन खत्री भने राति उपचारपछि घर फर्किएको उनले जानकारी दिए। डिभाइडरमा ठोक्किएको कार पूर्णरुपमा क्षति भएको छ ।

# गुल्मी सेवा समाज कतारले वनभोज तथा सांस्कृतिक कार्यक्रम गर्ने

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, १५ पुस

'गुल्मी सेवा समाज कतारको प्रतिबद्धता, निःस्वार्थ समाज सेवा आजको आवश्यकता' भन्ने मूल नाराका साथ सामाजिक क्षेत्रमा सक्रिय रूपमा अगाडी बढिरहेको गुल्मी सेवा समाज कतारले आगामी फेब्रुअरी ४ तारिख शुक्रवारका दिन गुल्मेली मिलन तथा नवौं वनभोज कार्यक्रम आयोजना गर्ने भएको छ ।

कतारमा रहेका नेपालीहरू एवं विशेष गरी गुल्मेलीहरू बिच भेटघाट, प्रदेशमा रहे पनि स्वदेशी परीकारहरूको खानपान साथै विविध सांस्कृतिक प्रस्तुतिहरूले स्वच्छ मनोरञ्जन दिने कार्यक्रमको लक्ष्य रहेको समाजका अध्यक्ष कुमार अविरल पन्थीले मध्यान्हलाई जानकारी दिए । कतारलाई कर्मभूमि बनाई श्रम गरिरहेका गुल्मेलीहरूलाई समाजसँग आबद्ध हुन पन्थीले आग्रह गरेका छन् ।

समाजले विगतका वर्षहरूमा जस्तै यस वर्ष पनि निरन्तरता दिएको उक्त कार्यक्रममा कतारमा रहेका गुल्मेली तथा अन्य कलाकार हरूको विविध सांस्कृतिक प्रस्तुतिहरू रहने जनाएको छ ।

### माओवादी....

नसकिने प्रचण्डको प्रतिवेदनमा छ । तर अधिकांश प्रतिनिधिहरुले प्रचण्डपथमै जोड दिएका छन् । प्रचण्डपथ छोडेर गम्भीर गल्ती भएकाले यसको संश्लेषण सहित अगाडि बढ्नुपर्ने प्रतिनिधिहरुको प्रश्न थियो ।

राम कार्कीले पुरक प्रस्ताव र लेखनाथ न्यौपानेले फरक मत राखेका थिए । कार्कीले प्रचण्डको प्रतिवेदन अध्ययन नगरीकनै जानुपर्ने बाटोमा पार्टी नहिडेको विषय उठाएका थिए। तर न्यौपानेले भने प्रचण्डको प्रतिवेदन बमोजिम समाजवादमा नपुगिने प्रस्ताव ल्याएका छन् । अहिलेकै बाटो भएर समाजवाद नआउने न्यौपानेको तर्क छ । विशेषगरी नेताहरुको जीवनशैली बदल्नुपर्ने उनको प्रस्ताव छ ।

नेकपा एमालेसँगको एकताप्रति न्यौपानेको असन्तुष्टि छ। एमालेसँग एकता गरेर समाजवादमा पुगिने भन्दा पनि प्रचण्डको व्यक्तिवादी सोंचको उपज भएको उनले बताए।

अन्य प्रतिनिधिहरुले अमेरिकी सहायता परियोजना एमसीसी खारेज गर्नुपर्नेपर्ने प्रस्ताव राखेका छन्। संशोधन गरेर अनुमोदन गर्न भन्दा पनि खारेज गरेर अगाडि बढ्नपर्ने तर्क गरेका छन्। प्रचण्डको प्रतिवदेनमा छिमेकी मुलुक भारतबारे प्रष्ट नभएकाले त्यसबारे बोल्नपर्ने माग गरिएको छ ।

प्रथम राष्ट्रिय सम्मेलनलाई आठौं महाधिवेशनमा परिणत गरिएकाले आजबाट भने नेतृत्व चयन प्रक्रिया शुरु हुँदैछ । महाधिवेशनको निर्धारित समय भन बिहीबार सकिएको छ । अझै महाधिवेशन लम्बिने संकेत देखिएको छ ।

आज नेतृत्व चयन भए भोलिसम्म महाधिवेशन सक्ने तयारी गरिएको छ। पार्टी निर्वाचन आयोगका प्रमुख विष्णुपुकार श्रेष्ठले विधान मस्यौदा पारित भएपछि निर्वाचनको सबै कार्यक्रम अगाडि बढाइने बताए ।

### प्रन्या....

इजलास बहिष्कार गरेपछि उनको परिवारको सम्पत्ति छानबिनको माग उठेको हो ।

प्रधानमन्त्रीसँग कोटामा मन्त्री लिएपछि जबराको राजीनामाको माग गर्दै कानून व्यवसायीहरु आन्दोलित छन्। गएको १४ कात्तिकदेखि नेपाल बार एशोसिएशनले आन्दोलन जारी राखेको छ । जबरालाई सर्वोच्च प्रवेशमा रोक लगाउने आन्दोलन समेत भएको थियो। तर सर्वोच्च अदालतका न्यायाधीशहरुले वैकल्पिक बाटो लिएर सुनुवाई शुरु गरेपछि बारले सांकेतिक रुपमा आन्दोलन जारी राखेको छ ।

सर्वोच्चका न्यायाधीशहरुले गएको मंसिर १५ गतेदेखि गोलाप्रथाका आधारमा इजलास तोकेर सुनुवाई गर्दै आएका छन् । तर प्रधानन्यायाधीश जबरासँग भने संयुक्त इजलासमा बसेका छैनन् । न्यायाधीशहरु जबराको राजीनामा नआएसम्म न्यायिक विश्वास जोगाउन नसकिने अडानमा कायम छन् । तर जबरा भने राजीनामा नगर्ने, बरु महाअभियोग लगाएर हटाउनुपर्ने अडानमा छन्। दलहरुले भने सर्वोच्चको विवाद न्यायाधीशहरुको गुटका आधारमा भएको भन्दै महाअभियोग नलगाउने प्रष्ट अडानमा छन् ।

### प्रगतिशील...

अध्यक्ष कमल तामाङ, द्वितीय उपाध्यक्ष कमलदेव मल्ल, महासचिव सुजितकुमार श्रेष्ठ र भुवनसिं गुरुङको नाम चर्चामा छ।

सत्तारूढ नेकपा एकिकृत समाजवादी निकट एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठन, नेकपा माओवादी केन्द्र निकट वैदेशिक रोजगार व्यवसायी गणतन्त्रीक मञ्च र संघिय समाजवादी निकट समाजवादी वैदेशिक रोजगार व्यवसायी संघले गठबन्धनका आधारमा प्यानल बनाएर प्रतिश्पर्धामा उत्रने तयारी गरिरहेको बताएका छन् ।

गठबन्धनको तर्फबाट एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनका ज्ञान प्रसाद गैरेको नेतृत्वमा प्यानल सहित चुनावमा जाने तयारी गरेको छ । मञ्चका अध्यक्ष राम प्रसाद भन्तनाले पनि उम्मेदवारी दिने बताउँदै आएका छन् ।

### वैदेशिक...

अनुगमन समितिको बैठकले वैदेशिक रोजगारीमा जाने वा अन्य कुनै उद्देश्यले विदेश जान लागेकालाई खोप लगाउने निर्णय गरिएको कार्यालयका प्रमुख शाहीले बताए ।

तीन ठाउँबाट कोरोनाविरुद्धको जोनसोन खोप लगाइनेछ । दाङमा तीन लाख ३० हजार ७४१ जनाले कोरोनाविरुद्धको खोप लगाइसकेका छन् ।

घोराही उपमहानगरपालिकाले १८ वर्षमाथि उमेर समूहका नागरिकलाई बिहीवारदेखि दोस्रो मात्राको भेरोसेल खोप लगाउन शुरु गरेको छ । पहिलो मात्रा लगाउन छुटेकालाई पनि खोप लगाइने भएको छ। य

सअघि खोप लगाएका १८ वर्ष माथिकालाई दोस्रो मात्रा र नलगाएकालाई पहिलो खोप लगाउने निर्णय गरिएको हो । पालिकाभित्रका १९ वटै वडामा रहेका स्वास्थ्य संस्थाबाट खोप लगाउने निर्णय भएको स्वास्थ्य शाखा प्रमुख नारायणप्रसाद घर्तीले जानकारी दिए ।

३८ हजार ५०९ डोज खोप स्वास्थ्य कार्यालयबाट प्राप्त भएको उनको भनाइ छ। वडा तथा स्वास्थ्य संस्थाले पनि भुगोल अनुसार पायक पर्ने ठाउँमा खोप केन्द्र खुलेका छन्। उपमहानगरपालिकामा अहिलेसम्म एक लाख १० हजार ८१५ जनाले पहिलो डोज र ५० हजार ४९१ जनाले दुवै डोज खोप लगाएको जनाइएको छ ।


**सच्याइएको**

मध्यान्ह राष्ट्रिय दैनिकमा मिति २०७८/०८/२२ गते प्रकाशित सशस्त्र प्रहरी बल नेपाल नं. ६ महेश्वरी बाहिनी मुख्यालय सुर्खेतको हाजिर हुन आउने बारेको सूचनाको सि.नं. २ को दर्जामा सप्रज र गैर हाजिर मितिमा २०७८/०८/०१ हुनुपर्नेमा अन्यथा भएकाले सच्याइएको छ ।

**मोटरसाइकल हराएको सूचना**

मिति २०७८/०९/१३ गते दिउसो अ. १४:०० वजेको समयमा का.जि.का.म.न.पा. वडा नं.-१५ मुस्ताङ गुम्बा स्थित चिहानघाट नजिकै बाटोमा पार्किङ गरेर राखेको ठाउँबाट बा. प्र. ०२-३० प ६८९८ नंम्बरको रातो/कालो रंगको २२० सि.सि बजाज मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभाबहरुले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनी:** पवित्र श्रेष्ठ
**च्यासिस नं:** MD2A13EX1MCE-89017
**इन्जीन नं :** DKXCD-09558
**सम्पर्क :** 9813114189

**Purchaudi Municipality**
**Office of Municipal Executive**
**Hat, Baitadi**
**Sudurpaschim Province, Nepal**

**Invitation for Bids**

Date of publication: **2078/09/16**

1. **Purchaudi Municipality** invites electronic or e-bids from eligible bidders for the following Works under National Competitive Bidding Procedures.

| S.N. | Contract No. | Description of Works | Estimated Amount (Without Vat & PS) NRs. | Bid Security Amount (NRs.) | Cost of Bidding Documents (NRs.) | Bid validity period | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | PNP/BTD/ NCB/08/078/079 | Procurement of Supply and Delivery of polyhouse | 21,99,120.00 | 60,500.00 | 3,000 | 90 days | - |

2. Only Electronics bidding through PPMO's Web Site www.bolpatra.gov.np./egp, is permitted and bid Shall be Submitted on or before 12:00 pm on 2078/10/16 (30 Jan, 2022) and bid Shall be opened on the same date at 2:00 pm . Eligible Bidder may Obtained Further information from www.Purchaudimun.gov.np or may Visit PPMO website www.bolpatra.gov.np./egp . Bidder should deposits the cost of bidding document in the project account as specified below.
3. Bid security shall be valid for **30** days beyond the validity period of the bid .
4. **Information to deposit the cost of bidding document in Bank:**

Name of the Bank : **Global IME Bank Limited, Purchaudi Branch, Baitadi**
Name of Office : **Purchaudi Municipality, Hat, Baitadi**
Office Account No. : **C704010000015 (Antarik Rajashwa Khata) for Deposit Bid Document fee**
Office Account No. : **C7040100000005 (Deposit Khata)**

**Chief Administrative Officer**

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७२/०९/१६ मा दर्ता भएको **प्रा.लि. नं. १४३१८६** को **चोङ्नी निमार्ण कम्पनी प्रा.लि.** को मिति २०७८/०९/१५ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सवैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।
**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७,**
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं.** ९८४१३४०४०३
**ईमेल :** rokayasherbahadur723@gmail.com

**नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०७८/०९/१६**

**पोष्टिका ट्रेड लिंक प्रा.लि. (दर्ता नं २७८४५८)** को मिति २०७८/०९/१२ गते बसेको विशेष साधारण सभाको विशेष प्रस्ताव द्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **पोष्टिका मेडिको इन्टरनेशनल प्रा.लि. (दर्ता नं २७८४५८)** कायम गर्ने गरी मिति २०७८/०९/१३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**कम्पनिको नाम परिवर्तन सहित प्रबन्धपत्र र नियमावलिमा भएको संशोधन सम्बन्धि सुचना !**

उपरोक्त सम्बन्धमा यस कम्पनिको मिति २०७८/०८/२८ मा सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम (साविक कम्पनी **ज्वाला कृषि फार्म प्रा.लि.** अंग्रेजीमा **Jawala Krishi Farm Pvt Ltd)** को नाममा रहेको सम्पुर्ण चल अचल सम्पति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाम **(ज्वाला ग्रुप एण्ड एग्रो इण्डष्ट्रिज प्रा.लि.)** को कम्पनिले सकार्ने व्यहोर्ने र नामका सम्वन्धमा भ्रम सृजना भई उजुरी परेमा संशोधन गर्ने शर्तमा यस कम्पनिको नाम परिवर्तित गरी मिति **२०७८/०९/०१ को निर्णयानुसार ज्वाला ग्रुप एण्ड एग्रो इण्डष्ट्रिज प्रा.लि** अंग्रेजीमा **Jwala Group And Agro Industries Pvt Ltd** कायम गरिएको ब्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**ज्वाला ग्रुप एण्ड एग्रो इण्डष्ट्रिज (प्रा.लि नं.२६६६६९)**
**बुलिङटार गाउँपालिका-३ नवलपरासी (प्रदेश ४),गण्डकी**

## ६ वर्षपछि उठ्यो काष्ठमण्डप



**काठमाडौं/मस-** २०७२ को भूकम्पकाबाट क्षति भएको ऐतिहासिक सम्पदा काष्ठमण्डप पुनःनिर्माणको काम सम्पन्न भएको छ। उक्त सम्पदा काठमाडौं महानगरपालिकाको ११ करोड ५० लाख रुपैयाँ सहयोगमा स्थानीय उपभोक्ता समितिमार्फत निर्माण गरिएको हो। आगामी माघ २ गते भूकम्प दिवसका दिन उद्घाटनको तयारी भइरहेको काष्ठमण्डप पुनःनिर्माण समितिका अध्यक्ष राजेश शाक्यले जानकारी दिए। उद्घाटनकै दिन काष्ठमण्डपको ऐतिहासिक महत्व र पुनः निर्माणका क्रममा भएको जानकारी समावेश गरिएको पुस्तक प्रकाशनको तयारी छ। यही पुस मसान्तसम्म पुस्तक प्रकाशनको काम पूरा हुने शाक्यले बताए। मंसिरमै सम्पदा पुनःनिर्माणको काम सकिएको हो। भूकम्पका कारण पूर्णरूपमा क्षति भएको उक्त सम्पदा ६ वर्षपछि पुनःनिर्माण गरिएको हो। विसं २०७५ वैशाख १६ गतेदेखि पुनःनिर्माणको काम समितिमार्फत शुरु गरिएको थियो।

काष्ठमण्डप पुनःनिर्माणका लागि तराईका ६ जिल्लाबाट ल्याइएका सालको काठ प्रयोग गरिएको छ।

## गोकुलेश्वरमा व्यवस्थित बसपार्क नहुँदा समस्या



**दिपक साउँद/मध्यान्ह**
दार्चुला, १५ पुस

दार्चुलाको दोस्रो ठूलो बजार शैल्यशिखर नगरपालिकाको वडा नं. ९ गोकुलेश्वरमा व्यवस्थित बसपार्क नहुँदा समस्या हुने गरेको छ। बसपार्कमा पार्किङ, शौचालय, खानेपानी, प्रतिक्षालयजस्ता पूर्वाधारहरु नहुँदा समस्या भएको हो। खासगरी पार्किङ नभएपछि सडक र बजारको छेउछाउमा जथाभावी गाडी पार्किङ हुने गरेका छन्।

जिल्लामा विस्तारै नयाँ सलगायतका सवारी साधनहरु थपिँदै छन् तर ती बस पार्किङका लागि ठूलो बजार गोकुश्वरमा बसपार्क छैन।

जीप चालक रबीन्द्र सिंह धामीले मध्यान्हसँग कुरा गर्दै भने, 'बसपार्क नहुँदा सडक दायाँबायाँ, होटल, स्थानीयका घर अगाडि सवारी साधन पार्किङ गर्न बाध्य भएका छौं।' घर अगाडि र सडक छेवैमा गाडी पार्किङ गराउँदा व्यवसायीहरुलाई समस्या र दुर्घटना हुने सम्भावना बढी हुने गरेको धामीले बताए। कुनै पनि निकायद्वारा बसपार्कको व्यवस्थापनमा ध्यान नजाँदा बसपार्कमा जेनतेन गाडी पार्किङ गर्नु परेको यातायात व्यवसायीहरु बताउँछन्। साँघुरो सडक र पार्किङ नहुँदा यतिखेर पवनदुत, मालिका, साईपाल लगायतका डिलक्स गाडीहरुले निकै कठिनाई झेल्दै आएका छन्। अव्यवस्थित बसपार्कमा गाडी पार्किङ गर्दा एक आपसमा ठोक्किने तथा साइड लगाउन समस्या भएको चालकहरुको भनाइ छ।



*भारी हिमपातले अस्तव्यस्त बनेको मनाङको चामे गाउँपालिकाको आसपासमा रहेका सडक र गोरेटो बाटोको हिउँ पन्छाउँदै ३२ नम्बर गुल्म मनाङका सशस्त्र प्रहरी।*
***तस्बिर : नवीन लामिछाने/रासस***

### वर्षौंदेखि अलपत्र 'रजघरा खानेपानी योजना'

# सरकारको लगानी बालुवामा पानी



**सुशीला रेग्मी/मध्यान्ह**
रामपुर (पाल्पा), १५ पुस

'सरकारी काम कहिले जाला घाम' भन्ने उखानै छ। करोडौंका सरकारी योजना निर्माण कार्य थालिएपनि बीचमै अलपत्र बनेका छन् भने कतिपय योजना शिलन्यास भएर पनि अघि बढ्न नसकेका प्रशस्तै योजना भेटिन्छन्। राज्यले खर्चेका योजनाहरु समयमा नै सम्पन्न नहुँदा सरोकारवालाहरु कहिले काम सकिँएला भनेर दिन गन्ती गरेर बस्न बाध्य छन्। रजघरा खानेपानी तथा सरसफाई योजना शुरु गरेको अहिले आठ वर्ष भयो। तर काम भने अझै सम्पन्न हुन सकेको छैन।

स्थानीय उपभोक्ताले कहिले नयाँ योजनाबाट पानी उपभोग गर्न पाइएला ? भन्ने आशै आशमा आठ वर्ष बिताए। काम सम्पन्न हुन नसक्दा बीचमै अलपत्र बनेको छ।

रामपुर नगरपालिका ३ स्थित रजघरा (कामीगाउँ) मा सो आयोजना पर्दछ। वर्षौंदेखि



काम थालनी भएर सम्पन्न नहुँदै अलपत्र जस्तै हुँदा नयाँ योजनाबाट पानी पिउने आशा हराउँदै जान थालेको स्थानीय सन्तकुमारी विकको गुनासो छ। उनी भन्छिन्, 'दैला अगाडी खानेपानी आयोजनाको ठूलो ट्याङ्की छ, तर ट्याङ्कीमा पानी खसेको देखिएको छैन, काम थालनी गरेको त धेरै नै वर्ष बिते, पानी भने वितरण हुन सकेको छैन।'

वस्तीदेखि करिव तीन किलोमिटर पर धुधुर्दीखोलाको मुहानबाट पानी ल्याउनका लागि सो ठाउँमा साना दुईवटा ट्याङ्की र कामीगाउँमा एकवटा दुई लाख लिटरका ट्याङ्की निर्माण गरिएको छ। एक वटा इनट्र्याक, सिसी एक वटा क्रसिङ, डिसी, पचास घनमिटरको र दुई लाख घनमिटरको एक/एकवटा ट्याङ्कीको निर्माण कार्य पुरा भएपनि २६ किलोमिटर पाइपलाइन बिस्तार हुन नसक्दा योजना अलपत्र भएको हो। खानेपानी योजनाको नाममा अहिले सम्ममा लाखौंको लगानी भएको छ।

खानेपानी तथा सरसफाई कार्यालयका प्राविधिक नारायण अर्यालले कार्यालयबाट पटक-पटक उपभोक्ता समीतिलाई योजना सम्पन्न गर्न ताकेता गर्दा पनि काम पुरा हुन नसकेको बताउँछन्। उनका अनुसार यस योजनाका लागि हालसम्म ७८ लाख ९५ हजार रुपैयाँ रकम नेपाल सरकारको खर्च भइसकेको छ।

केन्द्र सरकारको योजना रहेपनि पछि प्रदेश सरकार मातहतमा रहेर सञ्चालन गर्ने भनिएपनि बीचको समय कोभिड १९ को असरले गर्दा काममा तालमेल नमिलेको उपभोक्ता समितिले बताएको छ। ट्याङ्की निर्माण भएपछि पानी राखेर परीक्षण गरियो तर उपभोक्तालाई काम नसकिएकाले अहिले पुरानै ट्याङ्कीबाटै पानी खुवाइएको उपभोक्ता समितिका अध्यक्ष प्रेमप्रकाश पाण्डेय बताउँछन्।


'उपभोक्तासँग २० प्रतिशत रकम उठाएर काम गर्नुपर्ने हुदा झण्झट हुँदो रहेछ, संघीयता आएपछि सरकारले लागत बिना पानी उपलब्ध गराउने भन्ने कुरा पनि अघि सारेको हुँदा उपभोक्ताबाट रकम अशुल्न अप्ठ्यारो परेकाले पनि योजना पुरा गर्न सकिएको छैन' उनले भने।

यस आयोजनाबाट कामीगाउँ, साइडाँडा, बोहोरीडाँडा, कुमालढिक, डाँडाबिडी, पूर्व माझटोल, पश्चिम माझटोल, चनौटे, गण्डकीढिक, बोटेगाउँ लगायतका क्षेत्रमा घर-घरमा धारा जडान गरी पुऱ्याउने लक्ष्य छ। समितिका अनुसार करिव नौ सय घरधुरीको योजना रहेपनि ५५९ घरधुरीमा सर्भे भएको छ।

ट्याङ्की देखि तल करिव ६०० मिटर पाइप लाइन बिस्तार गरिएपनि योजना अनुसार काम गर्न नसकिएको उपभोक्ता समितिका सचिव लोकनाथ भट्टराई बताउँछन्। कार्यालय र समीतिको बिचमा समन्वय नहुँदा योजना सम्पन्न हुन नसकेको उनको भनाई छ। बोहरीडाँडा, साइडाँडा क्षेत्रमा पाइप लाइन बिच्छ्याउने काम भएपनि अन्य ठाउँमा बाँकी छ। योजना सम्पन्न हुने गरी बजेट उपलब्ध नहुँदा पनि समस्या उत्पन्न भएको हो। गतवर्ष योजनाका लागि प्रदेश सरकारबाट प्राप्त ४० लाख रुपैयाँ रकम पाइप खरिदमा खर्च भएको समितिले बताएको छ। योजनाको काम शुरु गरेपछि समयमा नै सम्पन्न हुनुपर्ने स्थानीय समाजसेवी दामोदर पाठकको भनाई छ।

रामपुर नगरपालिका वडा नं ३ का वडा अध्यक्ष दिनेशकुमार खनालले योजना अलपत्र अवस्थामा रहँदा सबैको चासो र चिन्तन रहेकाले योजना सम्पन्न गर्न आफूले पहल गर्ने बताए। उपभोक्ता समितिले १२ रोपनी जग्गा खरिद गरी योजना शुरु गरेपनि जग्गाको लागत मुल्य भने जानकारी नभएको स्वीकारेको छ। योजना शुरु हुँदाका बखत घर-घरमा खानेपानी उपभोग गर्न पाइने भएपछि उपभोक्ता उत्साहित थिए। उपभोक्ता समितिको कार्यालय संघीय सरकारका सांसद दलबहादुर रानाले गरेका हुन्।

## डिजिटल स्कूल तथा कलेजका लागि 'स्कूल वर्क्स प्रो'




**दिपेन्द्र श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, १५ पुस

शैक्षिक संस्थाको परम्परागत शिक्षा तथा व्यवस्थापन प्रणालीलाई डिजिटल बनाउनको लागि डिजि टेक्नोलोजी प्रालिले स्कूल वर्क्स प्रो सञ्चालनमा ल्याएको छ।

डिजिटल नेपालको अभियान चलिरहेको बेला स्कूल वर्क्स प्रो विद्यालय र कलेजलाई डिजिटल बनाउने एक उत्कृष्ट सफ्टवेयर बनेको डिजि टेक्नोलोजीका सिइओ प्रमोद पौडेलले बताए। सफ्टवेयरमार्फत अभिभावकले घरमै बसेर आफ्ना वालवालिकाको शैक्षिक अवस्था, स्कूल फि, विद्यालयको एकेडेमीक क्यालेन्डर हेर्न सक्नेछन्। जसले गर्दा विद्यार्थीको पढाइको स्तर बुझ्न परीक्षा नै कुर्नुपर्ने अवस्थाको अन्त्य हुने पौडेलले बताए।

शिक्षकले सफ्टवेयरमै गृहकार्य र असाइनमेन्ट दिने र सो को जाँच गर्ने, प्रत्येक विद्यार्थीको शैक्षिक अवस्था बुझ्ने, पाठ्यक्रमहरू थप्ने, विभिन्न क्विजरपोल मार्फत विद्यार्थीको गतिविधि बढाउने गर्न सक्छन्। कक्षाको रुटिन, शैक्षिक स्रोत साधन व्यवस्थापन लगायत ई लाइब्रेरी समेत सफ्टवेयरमै उपलब्ध रहेको छ।

स्कूल तथा कलेजको व्यवस्थापन पक्षले आर्थिक व्यवस्थापन, शिक्षक तथा कर्मचारीको दैनिक कामको मुल्यांकन, रिजल्ट ब्यवस्थापन लगायत सम्पुर्ण व्यवस्थापकीय काम सफ्टवेयर मार्फत नै नियन्त्रण गर्न सक्नेछन् भने विद्यार्थीहरूको शैक्षिक परिणाम मूल्यांकन गर्न, परीक्षा सञ्चालन गर्न, अभिभावक र शिक्षक तथा शैक्षिक संस्थाबीच सम्पर्क चुस्त राख्न सफ्टवेयर उपयोगी रहेको छ।

विद्यार्थीले सफ्टवेयरबाटै अरु विद्यार्थीको तुलनामा आफ्नो स्तर बुझ्न सक्नेछन् भने गृहकार्य लिन र बुझाउन, बिदा तथा शैक्षिक क्रियाकलापको जानकारी सफ्टवेयरबाटै लिन सक्नेछन्। प्रविधिको सदुपयोगले सिमित कर्मचारीबाट पनि इफिसेन्सी बढाउन सकिन्छ। साथै स्कूल वर्क्स प्रोको कार्यान्वयन पश्चात मानव संशाधन, प्रिन्ट, सञ्चार लगायतको खर्च घट्ने पौडेल बताउँछन्।

शिक्षामा अन्तरक्रियात्मक व्यवस्थालाई प्राथमिकता दिँदै स्कूल वर्क्स प्रोले विद्यालय तथा कलेजहरूलाई शैक्षिक प्रणाली व्यवस्थापनको झन्झटिलो परम्परागत प्रक्रियालाई हटाएर एकीकृत प्रणालीमा व्यावस्थापन गर्न सहयोग पुऱ्याउने थापाको भनाइ छ। स्कूल वर्क्स प्रोको सुविधा वेबमा मात्र नभई मोबाइल एपमार्फत पनि लिन सकिने बताइएको छ।

आवश्यकता
यस प्रतिष्ठित मेनपावर कम्पनी को लागि निम्न लिखित कर्मचारीको आवश्यक परेकोले इच्छुक व्यक्तिहरुलाई आवेदनको लागि आह्वान गरिन्छ।
◆ एकाउण्टेन्ट- १ जना (पुरुष/महिला)
◆ ड्कुमेन्टेसन- २ जना (पुरुष/महिला)
◆ श्रम प्रतिनिधि- १ जना (पुरुष/महिला)
◆ रिसेप्सनिस्ट- २ जना (पुरुष/महिला)
◆ किचेन हेल्पर- १ जना महिला
एकाउण्टेन्ट र ड्कुमेन्टेसन को हकमा योग्यता कम्तीमा प्रविणता प्रमाणपत्र तह पाश गरेको, कम्प्युटरमा दक्षता र सम्बन्धित क्षेत्रमा कार्य अनुभव भएको हुनुपर्नेछ।
अनुभवीलाई विशेष प्राथमिकता दिईनेछ। ◆ तलब आपसी सहमतिमा हुनेछ।
◆ अन्य सेवा तथा सुविधा कम्पंनीको नियमानुसार हुनेछ।
Y.K Manpower Agency Pvt.Ltd.
Gov. Lisence No: 1439/074/075
Giri Complex, Shambhumarg-09, Airport, Kathmandu.
Tel: 01-4499189/9801234999. Email: ykmanpoweragency@gmail.com

VACANCY ANNOUNCEMENT
A Highly reputed foreign employment agency is seeking the candidates for the Following posts.
1. PRO (Public Relation Officer) :- 1 Male
Should Know about SAUDI Documentation Collection.
2. Documentation Officer : 1 M/F
Qualification : Well Qualified With Ms Office & well spoken in english and Nepali, English and Nepali typing is must, Should Know about the work of Saudi and Malaysia.
3. Receptionist : 1 Female
Qualification : Well Qualified With Ms Office, Photoshop & well spoken in english and Nepali, English and Nepali typing is must.
Note: Interested candidates are requested to visit our office as soon as possible with copies of their CV, and a Passport size Photograph.
Salary and other benefits: Negotiable/Attractive
Forever Human Resource Solution Pvt. Ltd
Govt. Lic. No. 1411/074/075
Tokha Road, Samakhusi-10, Kathmandu, Tel: 4353298, 4354685
Mob.: 9851149953, 9851195202

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना
तेस्रो पटक प्रकाशित मिति २०७८/०९/१६
यस कम्पनीको मिति २०७३/११/०१ मा सम्पन्न वार्षिक/विशेष साभारण सभाको निर्णय बमोजिम साविक कम्पनी **जय देवि इन्जिनियरिङ कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन कम्पनी प्रा.लि. (प्रा.लि. नं. १६३६२१)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०५/२८ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **तुल्सिम इन्जिनियर्स प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तु-आवश्यकता
यस म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला।
Manager- 1 Male/Female
PRO- 5 Male/Female
Accountant - 2 Male/Female
Documentation - 3 Male/Female
तलब आपसी सहमतिमा
सम्वन्धित काममा २ वर्षको अनुभव भई अंग्रेजी राम्रोसँग बोल्न लेख्न र पढ्न सक्ने हुनुपर्नेछ। कम्प्युटर राम्रोसँग जानेको हुनुपर्नेछ।
सिद्ध ग्लोबल सर्भिसेज प्रा. लि.
ईजाजत नं. ९३४/०६७/०६८
बसुन्धारा-३, काठमाडौं, नेपाल, फोन नं. : ४९७०१४२, ४९७०१४३
Email: info.siddaglobalservices@gmail.com, Website: www.siddhaglobalsevices.com

HOSPITALITY TRAINING
Hilton Academy Pvt.Ltd. A great place for career
गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला।
कुनै पनि
Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation
विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं।
नोट: ६ महिने Professional Diploma in Hotel Management (PDHM)
पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा ADMISSION OPEN
गरिएको जानकारी गराउदछौं
सम्पर्क
Hilton Academy
of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484

## सम्पादकीय

### डरलाग्दो बेवास्ता

कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोनको संक्रमण छिमेकी मुलुक भारतमा बढेर गएको छ । दक्षिणअफ्रिका भएर फैलिएको ओमिक्रोन अहिले विश्वव्यापी चिन्ताको विषय पनि हो । कोरोना रोकथामका निम्ति बनेको खोप ओमिक्रोनका निम्ति कति प्रभावकारी हुन्छ भन्ने अनुसन्धान जारी छ । तर ओमिक्रोनको संक्रमण भने तीव्र रूपमा फैलिएको छ । नेपालमा पनि तीन जनामा ओमिक्रोनको संक्रमण पुष्टि भइसकेको छ । तर भारतसँगको सीमाना खुला भएकाले ओमिक्रोनको खतरा नेपालमा उच्च छ । अर्कोतिर तेस्रो मुलुक भएर नेपालमा ओमिक्रोनको संक्रमण प्रवेश गरेको छ । अर्थात् छिमेकी मुलुक र तेस्रो मुलुक भएर पनि नेपालमा यसको ओमिक्रोनको खतरा चिन्ताको विषय बनेको छ । विशेषगरी भारतमा बढेको संक्रमण नेपालमा आउनेबारे ध्यान दिन जनस्वास्थ्यविद्हरूले सुझाव दिइरहेका छन् ।

तर नेपालमा भने ओमिक्रोनको खतराप्रति आवश्यक सतर्कता अपनाइएको देखिएको छैन । बितेको दुई वर्षसम्म मनाउन नपाएको सांस्कृतिक चाँडमा मानिसहरूको घुइँचो देखिने गरेको छ । दशैं, तिहार, छठ र राजधानी उपत्यकामा मनाइएका जात्राहरूमा ठूलो संख्यामा भीड लाग्यो । बिहीबार मात्रै पनि ल्होसार उत्सवकै साथ मनाइयो । सांस्कृतिक चाँडमा उत्सव हुनु स्वभाविक हो । तर विश्वव्यापी महामारीबाट नागरिकको जीवन रक्षा पनि उत्तिकै प्राथमिकतामा राख्नुपर्छ । अझ राजनीतिक गैरजिम्मेवारपन गम्भीर विषय हो । राजधानी उपत्यकामा पुस ११ गतेदेखि नेकपा माओवादी केन्द्रको आठौं राष्ट्रिय महाधिवेशन जारी छ । यो महाधिवेशनमा प्रतिनिधि मात्रै १६ सय बढी छन्, पाँच दिनदेखि प्रज्ञाभवन कमलादीमा भीड छ ।

सरकारको नेतृत्व गरिरहेको नेपाली काँग्रेसले दश दिन बढीको भीडबीच नयाँ नेतृत्व चयन गरेको छ । १४औं महाधिवेशनमा नेतृत्व चयनका निम्ति भएको प्रतिशपर्धामा महामारी रोकथामबारे कुनै चासो दिइएको थिएन । प्रमुख विपक्षी दल नेकपा एमालेले त चितवनको महाधिवेशनलाई शक्ति प्रदर्शनकै रूपमा गरेको थियो । ठूला दलहरूले महामारीबारे कुनै सतर्कता नअपनाउँदा साना दलहरूले सिको गर्ने नै भयो । जबकी अघिल्ला दुई वर्षमा महामारीप्रति आवश्यक ध्यान नदिएकै कारण ठूलो संख्यामा मानवीय तथा आर्थिक क्षति खेप्नुपरेको छ । त्यसैले तीन जनामा संक्रमण देखिएको भनेर ढुक्क हुने भन्दा पनि आवश्यक सतर्कता अपनाउन जरूरी छ । सरकारले पनि आवश्यक निर्णय लिएर अगाडि बढ्न जरूरी छ, खोपको त कुरा गरिरहनै परेन । प्रत्येक नागरिकलाई अनिवार्य खोप उपलब्ध गराउन जरूरी छ ।

# शैक्षिक क्षेत्रमा लगानी र प्रतिफलको अवस्था

शैक्षिक क्षेत्रमा सरकारले वार्षिक झण्डै दुई खर्ब रुपैयाँ लगानी गरेको छ तर, ठूलो लगानी भएपनि चित्तबुझ्दो प्रतिफल भने छैन ।

अग्रलेख



● ईश्वरीप्रसाद पोखरेल

### शैक्षिक क्षेत्रमा लगानीको अवस्था

राज्यले शैक्षिक क्षेत्रमा वार्षिक एक खर्ब ८० अर्ब रुपैयाँभन्दा बढी लगानी गर्ने गरेको छ । लगानीको अधिकांश हिस्सा विद्यालय शिक्षामा खर्च हुन्छ । सरकारको तथ्यांकअनुसार वार्षिक एक खर्ब ३४ अर्ब रुपियाँ विद्यालय शिक्षामा खर्च गरिएको छ । संवैधानिक प्रावधानअनुसार आधारभूत तहको शिक्षा पूर्ण निःशुल्क र अनिवार्य गर्ने ऐन अहिले कार्यान्वयनको चरणमा छ । विद्यालय तहको कक्षा १२ सम्मको शिक्षा पढाइ निःशुल्क र विद्यार्थीका लागि विविध शैक्षिक सहुलियत उपलब्ध गराइएको छ । विद्यालय शिक्षामा लगाइएको कुल बजेटमध्ये झण्डै एक खर्ब एक अर्ब रुपियाँभन्दा बढी रकम शिक्षक तलबभत्ता, सेवासुविधा तथा पेन्सन आदिमा खर्च हुने गर्दछ । यस बाहेक ३३ अर्ब रुपियाँ जति रकम विद्यालय शिक्षाको समग्र पक्ष पाठ्यपुस्तक, छात्रवृत्ति, शैक्षिक सहुलियत, विद्यालय भौतिक तथा शैक्षिक वातावरण पूर्वाधार निर्माणलगायतका शीर्षकमा खर्च हुने गरेको छ ।

अर्कोतर्फ करिब ६ अर्ब रुपैयाँ मध्यम खालको व्यवसायिक तथा प्राविधिक शिक्षाका लागि खर्च हुन्छ । सरकारी तथ्यांकअनुसार १८ अर्ब रुपियाँ उच्च शिक्षातर्फ खर्च भएको छ । करिब २२ अर्ब रुपियाँ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा मातहतका निकायमार्फत खर्च हुन्छ ।

राज्यका तीन तह, संघसंस्था तथा अभिभावकबाट शैक्षिक तथा स्वास्थ्य क्षेत्रका जनशक्ति उत्पादनका क्षेत्रमा हुने आर्थिक लगानीको वैज्ञानिक अभिलेख राखी पारदर्शी बनाउने हो भने शिक्षा लगानीको हालको चित्र बदलिने छ । यसरी मानव पूँजी विकास तथा विषयगत जनशक्ति विकासका क्षेत्रमा शैक्षिक लगानीमा वार्षिक तीन खर्ब रुपैयाँको अनुपातमा खर्च भएको अनुमान गर्न सकिन्छ ।

विद्यालय तहमा झण्डै २९ प्रतिशत विद्यार्थीले मनग्य शुल्क तिरेर गुणस्तरीय खालको शिक्षा हासिल गरिरहेका छन् । मध्यमस्तरको प्राविधिक तथा व्यावसायिक शिक्षामा झण्डै ५० देखि ६० प्रतिशत विद्यार्थी निजी क्षेत्रमा अध्ययन गर्दछन् र महंगो शुल्क तिर्छन् । उच्च शिक्षामा सामुदायिक तथा निजी क्षेत्रमा झण्डै ६६ प्रतिशत विद्यार्थी अध्ययनरत छन् । उच्च शिक्षा अध्ययनका लागि विदेश जाने विद्यार्थीहरुको संख्या वर्षेनी हजारौं छ ।

### उपेक्षामा सामुदायिक शिक्षा क्षेत्र

सरकारले ठूलो लगानी गरेको भए पनि सामुदायिक शिक्षाको अवस्था सन्तोषजनक छैन । सबै सरोकारवाला पक्ष सामुदायिक शिक्षा क्षेत्रप्रति उदासिन छन् भन्दा अतियुक्ति हुन्न । यो भन्न सकिन्छ कि, सामुदायिक शिक्षालाई हामीले वास्ता नै गरेनौं । सामुदायिक विद्यालयका पठनपाठनप्रति अविश्वास गर्दै निजी विद्यालयतिर हामीहरुले आफ्ना सन्तानलाई अध्ययन गर्न प्रोत्साहित गरिरहेको अवस्था छ । ठूलाले गरेको कार्य हुन्छ अनुकरण सर्वसम्मत भनेझैं उच्च नेतृत्वकै कारण सामुदायिक तथा सार्वजनिक वा सरकारी शिक्षाको दुर्दशा प्रारम्भ भयो । देशका जिम्मेवार नेता, नीति निर्माता, राजनीतिज्ञ, उच्च प्रशासक, बौद्धिक र शिक्षित तथा रोजगारी भएका वा आयार्जन भएका तथा आर्थिक सम्पन्न सबै वर्गका नागरिकका सन्तानले सर्पले काँचुली छोडेझैं सामुदायिक विद्यालय तथा शिक्षा प्रणाली छोड्दै गएका छन् । फलतः निजी शिक्षाको साम्राज्य बनिरहेको छ ।

यदि हामीलाई मुलुकप्रति थोरै पनि जवाफदेहिता, जिम्मेवारी तथा कर्तव्यबोध छ भने सामुदायिक तथा निजी शिक्षाधारको प्रणालीलाई कम्तिमा आधारभूत तहसम्मको शिक्षा व्यवस्थापनमा एउटै सेवासुविधा र मापदण्डको शिक्षण सिकाइको व्यवस्था सरकारी, सामुदायिक तथा निजी जुनसुकै विधिबाट अवलम्बन गरौं । शिक्षामा कम्पनी र व्यापार व्यवसायको शैक्षिक वर्गको अन्त गरौं । तर माध्यमिक तह कक्षा ९ देखि १२ सम्मको शिक्षा प्रणालीमा शिक्षामा आफैं लगानी गर्न सक्ने अभिभावक तथा विद्यार्थीलाई आफैं प्रतिस्पर्धामा अध्ययन गर्न र गराउन अभिभावकहरुलाई प्रोत्साहित गरौं । हरेक स्थानीय तहमा विद्यालयको



> सरकारले ठूलो लगानी गरेको भए पनि सामुदायिक शिक्षाको अवस्था सन्तोषजनक छैन । सबै सरोकारवाला पक्ष सामुदायिक शिक्षा क्षेत्रप्रति उदासिन छन् भन्दा अतियुक्ति हुन्न । यो भन्न सकिन्छ कि, सामुदायिक शिक्षालाई हामीले वास्ता नै गरेनौं । सामुदायिक विद्यालयका पठनपाठनप्रति अविश्वास गर्दै निजी विद्यालयतिर हामीहरुले आफ्ना सन्तानलाई अध्ययन गर्न प्रोत्साहित गरिरहेको अवस्था छ ।

सेवा क्षेत्र निर्धारण गरौं । सामुदायिक तथा निजी भन्ने वर्गीकरणका सट्टा शैक्षिक गुठी वा संस्थान विकास गरौं । सेवादायी गैरनाफामुखी तर उपलब्ध सेवा शुल्क लिनसक्ने र पारिश्रमिक दिनका लागि आर्थिक स्रोतका रूपमा भौचर प्रणाली लागू गरी विद्यार्थीको पढाइको सुनिश्चितता गरौं । कुनै अभिभावकले आफ्नो सेवा क्षेत्रको विद्यालयमा अध्ययन नगराएर अन्यत्र लैजानु परेमा उक्त विद्यालयमा लाग्ने शैक्षिक शुल्क वा सहायता कर अनिवार्य तिर्नैपर्ने व्यवस्थाको थालनी गरौं ।

### सरकारले के गर्नुपर्छ ?

विद्यालय शिक्षादेखि विश्वविद्यालयसम्मको शिक्षामा उपलब्ध छात्रवृत्ति, शैक्षिक सेवासुविधा तथा सहुलियतसम्बन्धी विज्ञहरुबाट विस्तृत अध्ययन गर्नु, गराउनु आवश्यक भएको छ । मुलुकमा आवश्यक जनशक्ति विकासका क्षेत्र पहिचान गरी ती क्षेत्र र विषय पक्षमा सामान्य शिक्षा, प्रशिक्षण, तालिम आदिको व्यवस्था गर्नुपर्छ । राज्यको जुनसुकै सेवा सुविधामा अध्ययनबाट तयार भएका वा गरिएका विषयगत जनशक्तिलाई स्वयंसेवक, इन्टर्नसीप, अभ्यासकार्य, शैक्षिक अनुसन्धान केन्द्र तथा प्रतिष्ठानमा कम्तिमा दुई वर्ष तथा आफ्नै स्रोतमा अध्ययन गरेका विद्यार्थीहरुलाई एक वर्ष अभ्यास कार्यको शैक्षिक नीतिगत व्यवस्था मुलुकलाई खाँचो भएको छ ।

शिक्षा प्रणालीको सबलका लागि विद्यालय शिक्षादेखि विश्वविद्यालय (उच्च शिक्षासम्म)को शिक्षा प्रणालीमा राज्यबाट उपलब्ध हरेक किसिमका छात्रवृत्ति, शैक्षिक सेवासुविधा, सहयोग तथा सहुलियतको यथार्थ अवस्था पहिचान गरिनु र कसका लागि कुन सेवासुविधा स्पष्ट हुनु आवश्यक भएको छ । राज्यबाट उपलब्ध हुने सबै सेवासुविधा तथा मानव पूँजी लगानीका आधारलाई एकीकृत संरचनामा आवद्ध गर्ने वैज्ञानिक नीतिगत व्यवस्था मुलुकलाई प्रमुख खाँचो छ । यसर्थ सबै तह तथा विषय क्षेत्रका सबै प्रकारका सार्वजनिक सेवाका पदमध्ये ३५ प्रतिशत पद अभ्यासार्थी विद्यार्थीका लागि निर्धारण गरौं । ती पदमा हरेक शैक्षिक सत्र वा आर्थिक वर्षमा एउटा समूह बाहिरिने र अर्को समूह प्रवेश हुने गरी एउटा पदको शुरु तलबभत्तामा तीन जना प्रशिक्षार्थी विद्यार्थीले निर्वाहभत्तामा काम गर्नपर्ने व्यवस्था अनिवार्य गरौं ।

शैक्षिक क्षेत्रका सम्बन्धित हरेक विषय क्षेत्रमा प्रतिस्पर्धी क्षमता वृद्धि गरि नीतिगत, कार्यक्रमगत तथा विषयक्षेत्रगत आधार पहिल्याउन पनि विश्वविद्यालयमा अध्ययन, अनुसन्धान हुनुपर्ने आवश्यकता देखिन्छ । यसरी नै विद्यालयदेखि विश्वविद्यालयसम्म उपलब्ध शैक्षिक सेवासुविधा, सहुलियत, सहयोग तथा छात्रवृत्तिमा अध्ययनरत तथा आम सबै योग्यतामूलक अध्ययनमा सक्रिय विद्यार्थीहरुलाई शिक्षण सिकाइको योग्यता, उपाधिसहित पेसागत सीप, विषयगत व्यवहारिक ज्ञान र दक्षता अभिवृद्धि विषय पक्ष पनि अध्ययन गरेर अगाडि बढ्ने नीति निर्माण मुलुकमा आवश्यक भएको छ । सामाजिक क्षेत्रका स्वास्थ्य सुरक्षा, सामाजिक उत्तरदायित्व तथा नैतिकशील नागरिक चरित्र विकास तथा सामाजिकीकरणका हरेक पक्षमा नेतृत्वशील भूमिकामा विद्यार्थीहरुलाई पुराउन हाम्रा शैक्षिक तथा सामाजिक कार्यका परियोजनाहरु वैज्ञानिक विधिबाट विकास गर्ने नीति र कार्यान्वयमा लैजाने तथा मुलुकलाई समृद्ध तुल्याउने शैक्षिक योजना राष्ट्रिय शिक्षा पद्धतिमा प्रवेश गराउन अनिवार्य आवश्यकता भएको छ । यसर्थ, जनशक्ति विकास सम्बन्धमा विद्यालय तहदेखि विश्वविद्यालय तहसम्मको शिक्षामा राज्यबाट उपलब्ध शैक्षिक सेवासुविधा, सहुलियत, सहयोग र छात्रवृत्तिको विद्यमान अवस्थाका सकारात्मक तथा नकारात्मक पक्षको विश्लेषण गर्ने तथा निचोड निकाल्नु पर्ने आवश्यकता छ ।

सरकारले सामाजिक न्यायपूर्वक पहुँच अभिवृद्धिमा हुने गरेको खर्च तथा मुलुकले प्राप्त गर्ने लाभको बृहत् अध्ययन गरी छात्रवृत्तिसम्बन्धी एकीकृत नीति कार्यान्वयन गर्नुपर्दछ । कक्षा १२ सहित कलेज तथा विश्वविद्यालयका सबै तहका अन्तिम वर्षका विद्यार्थीहरुलाई एक वर्ष शिक्षण अभ्यास, सबै सार्वजनिक सेवा, सामाजिक कार्य तथा शान्ति सुरक्षा जस्ता क्षेत्रमा निर्वाह भत्ताका साथ राष्ट्रिय सेवा दलका रुपमा (इन्टर्नसीपका लागि) पठाउने नीतिगत तथा योजनागत कार्यक्रम बनाउनु पर्दछ । सँगसँगै जनशक्ति विकास कार्यक्रमलाई पनि उचित सम्बोधन गर्न आवश्यक छ । जनशक्ति विकास योजना तथा समन्वयलाई प्रभावकारी तुल्याउन सबै विश्वविद्यालय तथा स्वास्थ्य शैक्षिक प्रतिष्ठानको, विश्वविद्यालयगत तथा संस्थागत स्थापनाका उद्देश्य तथा कार्यक्षेत्रमा जनशक्ति उत्पादन, समस्या, चुनौती तथा अवसरको विश्लेषणसाथ निश्चित विशिष्टता केन्द्रित गर्न नीतिगत व्यवस्था के हुन सक्छ ? राज्य तहबाट विद्यालय शिक्षादेखि उच्च शिक्षासम्म उपलब्ध शैक्षिक सेवासुविधा, सहुलियत, सहयोग र छात्रवृत्ति आदिको सही, सरल परिभाषा, विद्यमान यर्थाथता र लागत अवस्थाको विश्लेषण गरी मन्त्रालयलाई मार्ग निर्देशन गर्न आवश्यक छ ।

*(लेखक पोखरेल शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका उपसचिव हुन् ।)*

## सामाजिक सञ्जाल



- नारायण शर्मा

माओबादी समाजवादका रंगहरू : १) नाति महिना ५० हजार तिरेर सिसु कक्षा पढ्ने, कार्यकर्ता सामुदायिक स्कुल ताक्ने, २) सुप्रिमो विरोध गर्ने, कार्यकर्ता शेयरमा लगानी गर्न मरिहत्ते गर्ने, ३) दस्तावेज सर्वहाराको, व्यवहारमा पूँजीवादी शेरबहादुरको घोडा हुने ।



- मदनराज जोशी

१५ वर्षमा १० पटक सत्ता परिवर्तन, माओवादी सबै पटक सरकारमा । एमाले ७ पटक सत्तामा, कांग्रेस ६ पटक सत्तामा । सोधौँ, मुलुक कसले बनाइदिने ? अझै, समाजवाद रे ! हाम्रा रामपुरे भैरे दाईको गजब प्रश्न आयो है ?



- सुदीप खनिया

छोराछोरी पढाउन तपाईंहरू पो पचास/साठी हजार तिर्नुहुन्छ । हाम्लाई स्कुलले फि नै लिन्न, मरिगए मान्दैन । स्वास्थ्यमा पनि यस्तै हो, कुनै नर्सिङ होमले पनि लिँदैन । त्यैभर हाम्रो नारा – शिक्षा पनि निःशुल्क, स्वास्थ्य पनि निःशुल्क !



- सुजन खनाल

मासिक ५० हजार शुल्क लाग्ने ललितपुरको युलेन्स स्कुलमा नाति पढाइरहेका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' । माओवादी महाधिवेशनमा उनको प्रस्ताव – सबै नेता तथा कार्यकर्ताका छोराछोरीलाई सरकारी स्कुलमा पढाउने ! गज्जब छैन त सर्वहारा वर्गको शैली !



- बाबुलाल भण्डारी

प्रदेशहरूमा सबैलाई मन्त्रीको भाग पुर्‍याउन मन्त्रालय फुटाउने र नेपाल प्रहरीमा आफ्ना मान्छेको बढुवा र पदस्थापना गर्न एआइजी र डिआइजी दरबन्दी थप्ने कामको पछाडिको मानसिकता एउटै हो । जति भोकाए पनि दुबै हातले हसुर्न मिल्ने होइन, तर गर्छन् !

# अमरताको खोज र मानव समाज

विज्ञान



● संकल्प सिंह

> संसारभरका धेरै मानिसहरू कृत्रिम मुटु वा पेसमेकर जस्ता यन्त्रहरूको सहायताले जीवित छन् । ब्रेन चिपको अवधारणाले अहिले वास्तविक जीवनमा नयाँ रूप लिइरहेको छ । यस्तो अवस्थामा हाम्रो क्रमशः प्रगति जैविक नभई प्राविधिक हुने प्रसिद्ध लेखक म्याक्स ट्यागमार्कको भनाइ छ । हामी भविष्यमा मानवबाट साइबोर्गमा परिवर्तन हुनेछौं ।

मृत्यु एक वास्तविक सत्य हो । मृत्युको सत्यताले मानिसलाई एका तर्फ त्रसाइरहेको छ भने अर्कोतर्फ नयाँ रहस्यको खोजीमा अगाडि बढ्न प्रेरित गरेको छ । तर, आजको आधुनिक विज्ञानले हामीलाई भविष्यमा अमर बनाउन सक्ने दिशामा अघि बढाइरहेको छ । यस्तो अवस्थामा धेरै प्रश्न उठ्छन्, आखिर अमरता के हो ? कुनै पनि व्यक्तिको प्राकृतिक मृत्यु नहुने समाजको संरचना कस्तो होला ? त्यो समाजको अर्थतन्त्रको स्वरूप कस्तो होला ? नाता र सम्बन्ध कुन आधारमा कायम होला, प्रश्न उठेका छन् ।

पछिल्ला केही वर्षहरूमा विज्ञानको विकासले हाम्रो औसत उमेर धेरै गुणा बढाएको छ । आज, जीवविज्ञान र भौतिकशास्त्रमा भएका खोजहरूको तीव्र गतिमा, त्यो सम्भव छ कि आउने समयमा, वैज्ञानिकहरूले हाम्रो उमेर आजको भन्दा धेरै गुणा बढाउने कुरा पत्ता लगाउनेछन् ।

मोर्गन फ्रीम्यानको लोकप्रीय शो 'थ्रूद वर्महोल'मा, प्रसिद्ध वैज्ञानिक मिचियो काकुले थर्मोडायनामिक्सको दोस्रो नियम यस ब्रह्माण्डमा सबै कुरामा लागू हुन्छ भनी बताउँछन् । यस नियमअन्तर्गत सबै चीजहरु क्रमशः आदेशअनुसार र आदेश बाहिर सर्दछन् । अर्थात् कुनै समय नयाँ हुन्छन्, बिस्तारै खिया लाग्ने र अन्त्यमा अन्त्य हुन्छन् । हाम्रो मृत्यु पनि यही प्रक्रियाबाट हुन्छ । एक पटक हामी जन्मन्छौं, बिस्तारै हामी जवान हुन्छौं र अन्ततः हामी मर्छौं । यो सम्पूर्ण प्रक्रियालाई एन्ट्रोपीको प्रिन्सिपल भनिन्छ ।

आज वैज्ञानिकहरूले एन्ट्रोपीभित्र एउटा ठूलो लूपहोल फेला पारेका छन् । उनका अनुसार कुनै पनि वस्तुको बढ्दो एन्ट्रोपीमा बाहिरबाट त्यस्तो प्रभाव लागू गर्यौं भने त्यसको सहयोगले त्यसको विकारलाई रोक्न सकिन्छ वा भनौं भने त्यसलाई विकारबाट पुनः व्यवस्थित बनाउन सकिन्छ । त्यसोभए हामी अन्त्य हुनबाट केही रोक्न सक्छौं ? यदि हामीले मानिसलाई पनि त्यस्तै गर्यौं भने, हामीले मृत्युलाई पनि धोका दिन सक्छौं । आउनुहोस् जानौं कसरी ?

माइटोकोन्ड्रिया, जसलाई हाम्रो कोशिकाको पावर हाउस भनिन्छ, यो दुईवटा झिल्लीको संरचना हो । यिनीहरुले शरीरलाई ऊर्जा प्रदान गर्ने काम गर्छन् । तर, यी माइटोकोन्ड्रिया बलियो हुँदै जाँदा शरीर बढ्दै जान्छ । एक समय आउँछ जब शरीरको यो पावर इन्जिन पूर्ण रूपमा बन्द हुन्छ । यस्तो अवस्थामा व्यक्तिको मृत्यु हुन्छ । हाम्रो शरीरको प्रत्येक कोशिकामा धेरै माइटोकोन्ड्रिया हुन्छन् ।

अमर बन्नको लागि, पहिले हामीले माइटोकोन्ड्रियाको एन्ट्रोपी रोक्नु पर्छ । अर्थात्, सेलको पावरहाउसमा जीवनको सास फेर्नुपर्नेछ । यो एकदमै जटिल कार्य हो । तथापी, भविष्य यस्ता धेरै सम्भावनाहरूसँग खडा छ, जसले हामीलाई त्यसो गर्ने आशा दिन्छ ।

### हाम्रो विकास जैविकभन्दा प्राविधिक हुनेछ

प्रसिद्ध लेखक म्याक्स ट्यागमार्कले आफ्नो पुस्तक 'लाइफ ३.०'मा जीवनलाई तीन चरणमा विभाजन गरेका छन् । पहिलोमा ब्याक्टेरियाको जीवन र विकसित जीवहरू राखेका छन् । दोस्रो चरणमा उनले आजका विकसित मानवहरूलाई राखेका छन् । ट्यागमार्क अनुसार हाम्रो जीवनको तेस्रो चरण आउन लागेको छ, त्यो प्राविधिक हुनेछ, जैविक होइन । उनका अनुसार हाम्रो जीवनको अर्को विकासमा हामीले मेसिनलाई पार्टपुर्जाको रूपमा प्रयोग गर्नेछौं ।

जीवनको विकासको यो चरण सुरु भइसकेको छ । संसारभरका धेरै मानिसहरू कृत्रिम मुटु वा पेसमेकर जस्ता यन्त्रहरूको सहायताले जीवित छन् । ब्रेन चिपको अवधारणाले अहिले वास्तविक जीवनमा नयाँ रूप लिइरहेको छ । यस्तो अवस्थामा हाम्रो क्रमशः प्रगति जैविक नभई प्राविधिक हुने उनको भनाइ छ । हामी भविष्यमा मानवबाट साइबोर्गमा परिवर्तन हुनेछौं ।

यस्तो अवस्थामा, हाम्रो शरीरभित्र धेरै न्यानोबटहरू जडान गर्न सकिन्छ, जसले शरीरको बढ्दो एन्ट्रोपीलाई रोक्छ र हामीले आफ्नो उमेर सीमा पहिलेको भन्दा धेरै गुणा बढाउन सक्छौं । यस्तो अवस्थामा प्रश्न उठ्छ, आखिर त्यो भविष्य कस्तो होला ? जो यस्ता सम्भावना बोकेर उभिन्छन् ।

### सञ्चय कोष जस्ता योजनाहरू अप्रासंगिक हुनेछन्

आखिर जब मानिस अमर हुन्छ उसको अन्त्य कसरी होला ? लामो आयुका कारण मानिस विनाश नभई लामो समयसम्म काम गर्न सक्नेछन् । यस्तो अवस्थामा युवाका लागि नयाँ रोजगारी पाउन निकै चुनौतीपूर्ण हुनेछ । यसका लागि सरकारले अवकाश र रोजगारीमा नयाँ नियम बनाउनुपर्ने हुन्छ । जसरी ६० वर्ष पुगेपछि कामबाट निवृत्त हुने सम्भावना पनि हुन सक्छ । बढ्दो जनसंख्या र अर्थतन्त्रको समस्यालाई ध्यानमा राखेर यस्तो नियम पनि बनाउनु पर्ने हुनसक्छ, जहाँ मानिसले निश्चित उमेरपछि जीवनबाट सन्यास लिनुपर्छ ।

यस युगमा, सञ्चय कोष जस्ता योजनाहरू, जुन विशेष गरी मानवको भविष्य सुरक्षित गर्न डिजाइन गरिएको थियो, तिनीहरू अप्रासंगिक हुनेछन् । ठूलो जनसंख्या भएकोले हामीसँग धेरै आइन्स्टाइन, मोजार्ट, ट्यागोर, बुद्ध र शेक्सपियर हुनेछन्, जसको दर्शन र आविष्कारले विश्वलाई फाइदा पुग्नेछ ।

### अन्तरिक्षसम्बन्धी नयाँ आविष्कार गर्नु पर्नेछ

धेरै मानिसहरू हुनु भनेको हामीलाई धेरै स्रोतहरू चाहिनु पनि हो । यस्तो अवस्थामा हामीले अत्याधुनिक साधनहरुको विकास गर्नुपर्ने हुन्छ । किनभने धेरै जनसंख्यालाई पृथ्वीमा राख्न सकिँदैन । हामीले हाम्रो सौर्यमण्डलमा ती ग्रहहरू खोज्नुपर्छ जुन आत्मनिर्भर छन् ।

बढ्दो जनसंख्याका फाइदा र बेफाइदा छन् । एकातिर जहाँ ठूलो परिमाणमा उत्पादनका लागि श्रमशक्ति हुन्छ भने अर्कोतर्फ, अत्याधिक जनसंख्याका कारण हाम्रा स्रोतहरू द्रुत गतिमा समाप्त हुनेछन् । यस्तो अवस्थामा हाम्रा आवश्यकताहरू पूरा गर्न र अर्थतन्त्र विस्तार गर्न हामीले अन्तरिक्ष अनुसन्धान र अन्य ग्रहहरूमा आफ्नो उपनिवेश स्थापना गर्नुपर्छ

### समाजमा नयाँ व्यवस्थाको जन्म हुनेछ

अमरताको रहस्य खुलिसकेपछि, हामीले हाम्रो सामाजिक आधारहरू पुनः परिभाषित गर्न आवश्यक हुनेछ । जीवनको लामो आयुको कारण, एक व्यक्तिको लागि सम्पूर्ण जीवन अर्को व्यक्तिसँग बिताउन धेरै गाह्रो हुन्छ । यस्तो अवस्थामा परम्परागत परिवार व्यवस्थालाई परिवर्तन गर्नुपर्ने हुन्छ । परिवारसँग सम्बन्धित नयाँ व्यवस्थाले समाजमा जन्म लिनेछ ।

बुढ्यौलीले राजनीतिको क्षेत्रमा पनि प्रतिकूल प्रभाव पार्छ । नेताहरू धेरै वर्षसम्म एउटै पदमा बस्छन् । नयाँ परिवर्तन समाजमा बिस्तारै लागु हुनेछ । युवा तथा नवप्रवेशीलाई राजनीतिको क्षेत्रमा आउन अलि कठिन हुनेछ । हामी यस्तो समाजमा बाँच्नेछौं जहाँ १० देखि २० पुस्ता सँगै हुनेछन् । यही कारण इतिहास र वर्तमानबीचको द्वन्द्व पनि देखिनेछ ।

*अमर उज्यालाबाट*

# डेल्टा र ओमिक्रोनले संक्रमणको सुनामी ल्याउने डब्लुएचओको चेतावनी

**काठमाडौं/एजेन्सी–** विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले कोरोनाभाइरसको डेल्टा र ओमिक्रोन भेरियन्ट मिलेर संसारमा कोभिड-१९ को नयाँ संक्रमितको खतरनाक सुनामी ल्याइरहेको बताएको छ। डब्लुएचओका प्रमुख टेडरोस एडनोम गेब्रियासिसको यो बयान यस्तो समयमा आएको छ जब अमेरिका र युरोपमा कोरोना संक्रमितको संख्यामा रेकर्ड स्तरको वृद्धि भइरहेको छ।

गेब्रियासिसले भने, 'विश्वभरिका स्वास्थ्य प्रणाली पहिले नै आफ्नो क्षमताभन्दा अघि बढेर काम गरिरहेका छन्। त्यसपछि डेल्टा र ओमिक्रोन जस्ता दुई खतरापूर्ण संक्रमणको आंकडा कीर्तिमानी उचाइसम्म पुग्ने छ। यसले अस्पताल भर्ना हुने दर र मृत्यु दर बढ्ने छ।' डब्लुएचओका प्रमुख वैज्ञानिक सौम्या स्वामिनाथमका अनुसार उपलब्ध खोप ओमिक्रोनको बिरुद्धमा अझै प्रभावकारी रहँदै आएको छ। शरीरको विद्यमान टी सेल इम्युनिटी नयाँ भेरियन्टसँग लड्न सक्छ।



उनले भनिन्, 'खोप अझैपनि प्रभावकारी प्रमाणित भइरहेको छ। यद्यपि फरक-फरक खोपको प्रभाव फरक-फरक छ। डब्लुएचओको आपतकालिन प्रयोग सूचीमा रहेका सबै खोप अधिकांश गम्भीर बिमारी रोक्न र डेल्टा भेरियन्टसँग बिरुद्धमा सुरक्षा प्रदान गर्नमा सक्षम रहँदै आएका छन्।

न्युयोर्क टाइम्सको बुधबार राति जारी आंकडा अनुसार फ्रान्समा २४ घन्टाको अवधिमा कुल २ लाख ८ हजार नयाँ संक्रमित थपिएका छन्। ओमिक्रोन संक्रमितको छुट्टै जानकारी भने दिइएको छैन। फ्रान्सका स्वास्थ्य मन्त्री ओलिभर वेरनले भने,'यतीका संक्रमित देखेर हामी हामी हैरान भएका छौँ। यसको मतलब यो हो कि प्रत्येक सेकेन्डमा हाम्रो देशमा दुई मानिस पोजिटिभ आएका छन्।'

डब्लुएचओका अनुसार पछिल्लो सात दिनमा कोभिड-१९ का संक्रमितमा ११ प्रतिशत वृद्धि भएको छ। यो आंकडा २० देखि २६ डिसेम्बर बीचको हो। मृत्युको आंकडामा पनि धेरै अन्तर आएको छैन। अक्टोबरपछि विस्तारै विस्तारै बढ्न सुरु भयो। अमेरिकामा अझैपनि धेरै संक्रमितहरु रहेका छन्। यसपछि बेलायत, फ्रान्स, इटाली र जर्मनीमा बढी संक्रमित रहेका छन्। गत साता कुल ४४ हजार संक्रमितको मृत्यु भएको छ।

कैयौँ देशले कोभिडको तेस्रो मात्रा खोप दिनेगरी बुस्टर अभियान शुरु गरेका छन्। जसमा बेलायत समेत छ जहाँ १२ वर्ष माथिका ५७ प्रतिशत मानिसले तेस्रो मात्रा खोप लिइसकेका छन्।

तर डब्लुएचओ प्रमुखले ठूलो स्तरका बूस्टर अभियानले गरिब देशमा हुनुपर्ने आपूर्ति मोडिरहेको र त्यसले महामारी लम्ब्याउने देखिएको बताएका छन्। गरिब देशहरू खोपबाट पर रहँदा त्यहाँ संक्रमण फैलने र भाइरस उत्परिवर्तन हुने थप अवसरहरू सिर्जना हुने डब्लुएचओ प्रमुखको भनाइ छ।

# बेलायतमा एकैदिन थपिए १ लाख ८३ हजार बढी संक्रमित

**काठमाडौं/एजेन्सी–** बेलायतमा कोरोना भाइरसको संक्रमण शुरु भएदेखिकै मंगलबार सबैभन्दा धेरै संक्रमित भेटिएका छन्।

बेलायतमा मंगलबार त्यसको २४ घन्टायता मात्र कम्तीमा पनि १ लाख ८३ हजार ३७ जना संक्रमित भेटिएका त्यहाँका स्वास्थ्य क्षेत्रका अधिकारीहरुले जानकारी दिएका छन्।

त्यहाँका स्वास्थ्य अधिकारीहरुले दिएको जानकारीअनुसार एकै दिनमा त्यहाँ यतिधेरै संक्रमितहरु भेटिएको यो पहिलो घटना हो। यसअघि पनि त्यहाँ सोमबार मात्र पनि करिब १ लाख ३० हजार जनामा यो संक्रमण भेटिएको बताइएको थियो। त्यस्तैगरी उनीहरुका अनुसार मङ्गलबार त्यहाँ कोरोनाका कारण ५७ जनाको ज्यान गएको छ।



यसअघि सोमबार मात्र त्यहाँ यो संक्रमणबाट १८ जनाको मात्र ज्यान गएको थियो।

यसरी मङ्गलबार त्यहाँ मृत्यु हुनेको संख्या पनि बढेको पाइएको हो। त्यहाँ अहिलेसम्ममा १ करोड २५ लाख भन्दा बढी संक्रमित पाइएका छन्। त्यसैगरी बेलायतका स्वास्थ्य अधिकारीहरुले त्यहाँ अहिलेसम्म कोरोना भाइरसको संक्रमणबाट कम्तीमा पनि १ लाख ४८ हजार भन्दा बढीको ज्यान गएको बताएका छन्। त्यहाँ पछिल्लो समयमा ओमिक्रोनको संक्रमण पनि बढ्दै गएको छ। जसका कारण त्यहाँको सरकारले कतिपय सार्वजनिक कार्यहरुमा प्रतिबन्ध लगाएको छ भने सतर्क रहन आग्रह पनि गरेको छ। पछिल्लो समयमा यहाँ ओमिक्रोनको प्रकोप बढेपछि अस्पताल भर्ना हुने संक्रमितहरुको संख्या पनि बढ्दो देखिएको छ।

# मुम्बइमा सार्वजनिक कार्यक्रममा प्रतिबन्ध

**काठमाडौं/एजेन्सी–** मुम्बइमा पछिल्लो समयमा कोरोना भाइरसको प्रकोप बढ्दै गएको बताइएको छ। भारतको नयाँ दिल्ली र मुम्बइमा पछिल्ला केही हप्तामा संक्रमण बढेको हो। यसैबीच यहाँ कोरोना भाइरसको प्रकोप बढेपछि यहाँका सार्वजनिक स्थलहरुमा हुने विविध कार्यक्रमहरुमा प्रतिबन्ध लगाइएको बताइएको छ।

भारतको आर्थिक राजधानी मानिने भारतीय ठूलो सहर मुम्बइमा नयाँ वर्षका कार्यक्रमहरुको आयोजना गरिएको र त्यसका कारण झन् संक्रमण बढ्ने आशंका गरेका कारण सरकारले सार्वजनिक स्थलमा जमघट हुने र नयाँ वर्षका कार्यक्रमहरु गर्ने काममा प्रतिबन्ध लगाएको हो। रातिमा कर्फ्यु नलगाइने तर पनि मानिसहरु जमघट हुने र समारोहहरु गर्ने काममा प्रतिबन्ध लगाइएको मुम्बई सरकारले जनाएको छ।

त्यहाँ पनि पछिल्लो समयमा कोरोनाका संक्रमितहरु बढेका पाइएको छ। गत हप्तामात्र त्यहाँ प्रत्येक दिन कम्तीमा पनि १५० जना मात्र संक्रमित पाइएकामा हिजोआज भने कम्तीमा पनि दुई हजार जना संक्रमित भेटिएका छन्।

यसैबीच भारतमा कोरोना भाइरसबाट थप १३ हजार १५४ संक्रमित केन्द्रीय स्वास्थ्य र परिवार कल्याण मन्त्रालयले बुधबार जानकारी दिएको छ। गत २४ घण्टामा थपिएका संक्रमितहरु मध्ये ९६१ जना ओमिक्रोन भेरियन्टका रहेका छन्।

यसैसँगै भारतमा कूल कोरोना संक्रमित संख्या तीन करोड ४८ लाख २२ हजार ४० पुगेका पनि सो मन्त्रालयले जानकारी दिएको छ। सोही अवधिमा थप २६८ जनाको कोरोना संक्रमणका कारण मृत्यु भएको छ। यसैसँगै भारतमा कोरोनाको कारण ज्यान गुमाउने व्यक्तिको संख्या चार लाख ८० हजार ८६० पुगेको मन्त्रालयले थप जानकारी दिएको छ।

भारतमा अहिले संक्रमित अवस्थामै रहेकाको संख्या ८२ हजार ४०२ जना रहेका छन्। अहिले संक्रमित अवस्थामै रहेकाको संख्या कूल संक्रमितको संख्याको ०.२४ प्रतिशत मात्रै रहेको मन्त्रालयले जनाएको छ। गएको २४ घण्टामा भारतमा सात हजार ४८६ जना कोरोनाबाट



मुक्तभएका छन्। यसैसँगै कोरोना सुरु भएयता हालसम्म तीन करोड ४२ लाख ५८ हजार ७७८ जनालाई कोरोना संक्रमण निको भएका छन्। भारतमा कोरोना भाइरस निको हुने दर ९८. ३८ प्रतिशत रहेको जनाइएको छ। यो संख्या सन् २०२० को मार्चपछि सबभन्दा बढी भएको समाचारमा जनाइएको छ।

भारतमा कोरोना शुरु भएदेखि हालसम्म ६७ करोड ६४ लाख भन्दा बढी व्यक्तिको कोरोना परीक्षण भएको छ। त्यहाँ जनवरी १६ सन् २०२१ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो। सो समयदेखि हालसम्म एक अर्ब ४३ करोड १६ लाख भन्दा बढी डोज खोप लगाइएको जनाइएको छ।

## सच्याइएको

मध्यान्ह राष्ट्रिय दैनिकमा मिति २०७८/०३/२७ गते प्रकाशित कन्यासल्लेरी सामुदायिक वन उपभोक्ता समूह लेकवेशी न.पा. २ सुर्खेतको काठ/दाउरा लिलाम बिक्री सम्बन्धी सूचनामा साल र अन्य जातको काठ हुनुपर्नेमा अन्यथा भएकाले सच्याइएको छ।


**Chichila Rural Municipality**

**Office of The Rural Municipal Executive**

**Chichila, Sankhuwashava**

**Province No.1, Nepal**

**Invitation for Bids for**
**Construction of Chichila Brihat Khanepani Aayojana**
**Kuwapani-Chichila-Barkhe (Phase-II)**

**Contract Identification No: CRM/W/NCB/WS/1/078-079**

**First Date of publication: 2078/9/16 B.S.**

1. The **Chichila Rural Municipality, Chichila, Sankhuwashava invites** electronic bids from Nepalese eligible bidders for the construction of **"Construction of Chichila Brihat Khanepani Aayojana,Kuwapani-Chichila-Barkhe (Phase-II)"** under National Competitive Bidding procedures. The estimated amount for the works is **Rs. 58,03,520.91 [inclusive VAT & PS].**
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Chichila Rural Municipality, Chichila, Sankhuwashava or may visit PPMO e-GP system **www.bolpatra.gov.np/egp.**
3. Bidder must submit their bid electronically can download complete set of the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp . Bidders, submitting their bid electronically, should deposit the cost of bidding document equal to non refundable fee of [Nrs. 3000] in the Project's Rajaswa (revenue) account as specified below .
   Name of the Bank : **Century Commercial Bank Ltd,, Chichila Branch**
   Name of Office : **Chichila Rural Municipality, Chichila, Sankhuwashava**
   Aantarik rajaswa Account no. : **1190000013GE (For bid document Purchase)**
   Dharauti Account no. : **1190000005GE (For bid security deposit)**
4. Pre-bid meeting shall be held at Chichila Rural Municipality Office, Chichila, Sankhuwashava at **14:00 hrs on 2078/10/06.**
5. Electronic bids must be submitted to the office of Chichila Rural Municipality, Chichila, Sankhuwashava PPMO website **www.bolpatra.gov.np/egp** on or before **12:00 hrs of 2078/10/16.** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14:00 hrs** of **2078/10/16** at the office of Chichila Rural Municipality, Chichila, Sankhuwashava .Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of **Nrs. 1,30,000** which shall be valid for 30 days beyond the validity period of the bid.
7 If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8 Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 and other prevailing rules and regulations of Nepal.
9 The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**



**साउदीमा रोजगारको अवसर** | कम्पनी : **WAHAT AL-NAKHEEL TRADING EST** शहर: **SAUDI**

पुर्व स्वीकृत मितिः २०७८/०९/१४ चलानी नं.: ६०१७१५२३ LT. No.: 254926

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Plumber | 1 | 0 | स. काममा दक्ष | 1300 | ४१,३०१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७८ पुस २३ गते (7 January 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**अरनिको ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. २६७/०५८/०५९
पो.ब.नं. ८९७५, इपिसिः २५१६, कुपण्डोल, ललितपुर, नेपाल, फोनः ५५५५३६५, ५०१०६५७, ५०१०६५८
फ्याक्सः ५५५५३६६, Email: aranikooverseas@gmail.com, Website: www.aranikooverseas.com



**QATAR मा रोजगार** | कम्पनी: **AL BAHA TRADING** शहर: **DOHA**

पूर्व स्वीकृत मितिः २०७८/०७/२८ चलानी नं.: ६०१७१५४५ LT. No.: 254866

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician Gen | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,१२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer | 2 | 0 | | 1200 | ३८,१२४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ पुस २३ गते (7 January 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

**Blue Ocean Recruitment Pvt. Ltd.**
श्रम इजाजत नं. ११६३/०७३/०७४
New Baneshwor, Kathmandu, Tel: 4476215, 4491772 | Mob.: 9851073543, 9840749988 | Email: info@blueoceanmanpower.com, recruitmentocean111@gmail.com | Web : blueoceanmanpower.com



**SAUDI मा अवसर** | १. कम्पनी : **RAWAA COMPANY FOR OPERATION AND MAINTENANCE IS A ONE PERSON COMPANY** शहर : **RIYADH**

पूर्व स्वीकृत मिति : २०७८/०९/१४ चलानी नं. : ६०१७१५७१ L.T. No.: 253996

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Truck Driver | 1 | 0 | | 1800 | ५७,१८६ | | | | | | | |

२. कम्पनी : **Atlal Al Jazeerah Co. For Trading & Constructions & operating & Maintenance** शहर : **RIYADH**

पूर्व स्वीकृत मिति : २०७८/०९/१४ चलानी नं. : ६०१७१५७२ L.T. No.: 255086

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Labor | 36 | 0 | स. काममा दक्ष | 1000 | ३१,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७८ पुस २३ र २४ गते (7 & 8 Janaury 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**फेमस ह्युमन रिसोर्सेज प्रा. लि.**
श्रम इजाजत नं. ५४५/०६१/०६२
कोटेश्वर-३२, तिनकुने, काठमाडौं, नेपाल, फोनः ५१९९५००, ५१९९७००
Email: info@famoushr.com, famoushr545@gmail.com



**साउदीमा रोजगार** | कम्पनी: **QITAF FAMILY COMPANY LIMITED- ONE PERSON COMPANY** शहर: **TABUK**

पूर्व स्वीकृत मितिः २०७८/०९/१४ चलानी नं.: ६०१७१५६९ LT. No.: 255031

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor/labour | 15 | 0 | स. काममा दक्ष | 1000 | ३१,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुस २३ गते (7 January 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Frontline Recruitment Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: ८८६/०६७/०६८
Kalimatidol, Kathmandu, Nepal, P.o.box:13708, Tel No:01-4493645,4493646
Fax:+977-01-4493647, Mob: 9841831240, 9803881610
Email:info@manpoweragencynepal.com

# बक्स अफिस समाचार

## सिर्जना केसीको नयाँ वर्षको कोशेली 'शुभकामना'



**काठमाडौं / मस–** गायिका सिर्जना केसीले अँग्रेजी नयाँ वर्षको अवसरमा नयाँ गीत बजारमा ल्याएकी छन् । विभिन्न धार्मिक, सांस्कृतिक एवं बीर भक्तिपूर्ण गीतकी सर्जक एवं सुमधुर स्वरकी धनी गायिका तथा कलाकार केसीले नयाँ वर्षको अवसरमा 'शुभकामना' बोलको गीत बजारमा ल्याएकी हुन् ।

उक्त गीतमा गायिका केसीलाई गायक विक्रम थापा, किरण मिश्र, शिव बस्नेत, गायिका ज्ञानु राना र प्रमिला पुनले साथ दिएका छन् । उक्त म्युजिक भिडियो एसियन म्युजिक नामक युट्युब च्यानलबाट सार्वजनिक गरिएको हो ।

अरुण तिवारीको शब्द रहेको उक्त गीतमा विक्रम थापाले संगीत भरेका छन् । साथै ईश्वर सिलवालले छायांकन र सम्पादनको कौशल देखाएका छन् ।

गीतसंगीतमा लामो समयदेखि क्रियाशील गायिका सिर्जना केसीले थुप्रै गीत निकालिसकेकी छन् । यसअघि उनको 'सुस्तरी' बोलको गीतलाई पनि दर्शकले अत्याधिक रुचाएका थिए ।

## प्रिमियरमा 'कठपुतली'लाई सकारात्मक प्रतिक्रिया

**काठमाडौं / मस–** यही शुक्रबारबाट देशव्यापी प्रदर्शनमा आउन लागेको हरर जनरामा निर्मित फिल्म 'कठपुतली' को बुधवार कमलपोखरीस्थित बिग मुभिजमा प्रिमियर गरिएको छ । प्रिमियरमा उपस्थित सेलेब्रिटीले कलाकारको अभिनय, निर्देशन, स्क्रिनप्ले, छायांकन, साउन्ड डिजाइन, लाइटिङ, फ्रेमिङ र सम्पादनको प्रशंसा गरेका थिए ।

निर्देशक तथा निर्माता आकाश अधिकारीले फिल्मको स्क्रिनप्लेको प्रशंसा गरे । फिल्म हेरेपछि सञ्चारकर्मीसँग संक्षिप्त कुराकानी गर्दै उनले भने– 'सम्पदा मल्लको लेखन मलाई मन पर्‍यो । समग्रमा भन्दा फिल्मले बाँधेर राख्छ । नेपाली फिल्म नचलिरहेको अवस्थामा यो फिल्मले बाटो खोल्छ भन्नेमा म विश्वस्त छु । अन्तर्राष्ट्रिय स्तरमा पनि यो फिल्म जान सक्ने सम्भावना देखेको छु ।'

निर्देशक प्रदीप भट्टराईले फिल्मको टेक्निकल पक्षको प्रशंसामा शब्द खर्चिए । उनले भने– 'नेपाली फिल्म हेर्दा नयाँ अनुभव गरियो । टेक्निकली एकदमै रिच छ फिल्म । साउन्ड, लाइटिङ, प्रोडक्सन, कस्ट्यूम, अभिनयको कुराले फिल्म बलियो छ । फिल्म तर्साउन सफल भएको छ । फिल्ममा महिला सशक्तिकरणको कुरालाई पनि उठाइएको छ, जुन कुरा मलाई असाध्यै मन पर्‍यो ।'



अभिनेत्री तथा निर्मात्री निशा अधिकारीले फिल्मबाट टेक्निकलका धेरै कुरा सिक्न सकिने बताइन् । इडिटिङ, प्रोडक्सन, लाइटिङ, एक्टिङ र स्टोरीले फिल्म बलियो बनेको उनको भनाइ थियो । पहिलो पटक स्वदेशी भूत हेर्न पाएकोमा उनले खुसी व्यक्त गरिन् । त्यस्तै, निर्देशक तथा चर्चित सञ्चारकर्मी डिनेश डिसीले फिल्म समग्रमा राम्रो बनेको र टेक्निकल पक्ष निकै बलियो रहेको बताए ।

प्रिमियरमा बोल्ड परिहनमा पुगेकी फिल्मकी मुख्य अभिनेत्री उषा रजकले वर्षौंको मेहनतले यत्तिको प्रोडक्ट बनेको बताउँदै फिल्म हेर्दा आफू इमोसनल भएको बताइन् । उनले भनिन्, 'फिल्मको छायांकन भइरहँदा मेरी छोरी ९ वर्षकी थिइन् । उनलाई आफन्तकोमा छोडेर पाल्पा जाँदाको सम्झना फिल्म हेर्दा झलझली आयो । फिल्म पनि राम्रो लाग्यो ।' अभिनेत्रीद्वय गौरी मल्ल र शिल्पा मास्केले फिल्ममा आफ्नो भूमिकाबाट सन्तुष्ट रहेको बताएका थिए । जितु नेपालले उद्घोषण गरेको प्रिमियर सोमा रवीन्द्र मिश्र, नाट्यकर्मी अशेष मल्ल, पत्रकार टिकाराम यात्री, गायकद्वय सत्य-स्वरुप, कलाकार सन्दिप क्षेत्री, निर्देशक सुदर्शन थापा, लेखक प्रदीप भारद्वाज, नायिका बेनिशा हमाल, नायक निराजन प्रधान, निर्माता अर्जुन कुमार लगायतको उपस्थिति रहेको थियो ।

फिल्मलाई भिमसेन लामाले निर्देशन गरेका हुन् । फिल्म मिथिला शर्मा, कर्मा र उषामाथि केन्द्रित छ । पहिलो पटक फिचर फिल्मको निर्देशन गरेका भिमसेन लामाले आफ्नो निर्देशकिय क्षमता प्रस्तुत गरेका छन् ।

सुवर्ण थापा, ध्रुव कोइरालाको पनि अभिनय रहेको फिल्मलाई पृथ्वी राना मगरले निर्माण गरेका हुन् । फिल्मको सह-निर्मातामा विशाल गुरुङ, धर्म श्रेष्ठ र हेम थापा छन् । शुक्रवारबाट प्रदर्शनमा आउन लागेको फिल्मलाई बुधवार साँझबाटै काठमाडौं र मोफसलका मल्टिप्लेक्सहरुले सोज उपलब्ध गराइसकेका छन् ।

## 'आज तिम्रो सम्झनाले' सार्वजनिक

**काठमाडौं / मस–** एक दशकदेखि नेपाली कला क्षेत्रमा निरन्तर लागिरहेका रोहित जोशी अभिनित पछिल्लो म्युजिक भिडियो सार्वजनिक भएको छ । प्रेम बजगाईको शब्द, संगीत रहेको 'आज तिम्रो सम्झनाले' बोलको गीत गायक यम बरालले गाएका हुन् ।

दीप सागरले निर्देशन गरेको भिडियो आफ्नो अघिल्लो भिडियोहरुलाई जस्तै दर्शकले मनपराउने कुरामा मोडल जोशी विश्वस्त छन् । आफुलाई दर्शकले साउथ इण्डिन हिरोको जस्तै लुक्स भएको भनेर माया गर्दा सारै नै खुशी लाग्ने गरेको जोशी सुनाउँछन् । उनी भन्छन्, 'डान्सिङ गीत भन्दा रोमान्टिक गीतमा अभिनय गर्न मनपर्छ ।'

मोडल रोहित जोशी अभिनित दिपा राईको स्वर रहेको 'मेरो साथी' बोलको भिडियो गत महिना सार्वजनिक भएको थियो । 'आज तिम्रो सम्झनाले' भिडियो धौलागिरी क्यासेट सेन्टरबाट रिलिज भएको छ ।

## र्‍यापर लाहुरे पक्राउ



**काठमाडौं / मस–** र्‍यापर आशिष राना 'लाहुरे' लाई प्रहरीले पोखराबाट पक्राउ गरेको छ । बुधबार राति पोखराको न्युरोडबाट ब्राउन सुगर किन्न लागेको अवस्थामा उनलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख एसपी रमेश थापाले जानकारी दिएका छन् ।

एसपी थापाले भने– 'लाहुरेलाई ब्राउन सुगर खरिद-बिक्री गर्न लागेको अवस्थामा पक्राउ गरेका हौं । उनलाई अदालतबाट म्याद लिएर मुद्दा प्रक्रिया अगाडि बढाउने छौं ।' प्रहरीले रानासँगै उनका चार जना साथीलाई पनि पक्राउ गरेको जानकारी दिएको छ ।

पक्राउ परेका 'लाहुरे' रियालिटी शो 'हिमालय रोडिज' का निर्णायक पनि हुन् । उनका 'केस नं ४२', 'हाउडे, 'मेरो सोल्टा', 'सबै हो लाउरे', 'नेप हपको बाटो' लगायतका र्‍याप गीत चर्चित छन् । उनले फिल्म 'ताण्डव' बाट नायकको रुपमा समेत डेब्यू गरेका थिए ।


प्रदेश सरकार
लुम्बीनी प्रदेश
वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, प्युठान

दाते ओखरका कलमी विरुवा खरिदका लागि दरभाउपत्र पेश गर्ने सम्वन्धी सूचना

सूचना प्रकाशित मिति : २०७८/०९/१६

यस कार्यालयको आ.व. ०७८/०७९ को स्वीकृत वार्षिक जडिवुटी तथा गैरकाष्ठ वन पैदावार विकास कार्यक्रम अन्तर गत उच्च पहाडी क्षेत्रमा ओखर विकास कार्यक्रमका लागि Chandler Variety को Grafted Walnut Sapling (कलमी विरुवा) खरिद गर्नुपर्ने भएकोले यो सूचना प्रकाशन गरीएको छ । तपिशल बमोजिमको स्पेशिफिकेशन र गुणस्तरको विरुवा आपुर्तीका लागि PAN/VAT मा दर्ता भएका सप्लायर्स, फर्म तथा कम्पनीहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस कार्यालय, वन वातावरण तथा भू संरक्षण मन्त्रालय, मुकाम वुटवल र वन निर्देशनालय भैरहवाबाट दरभाउपत्र खरिद गरी दाखिला गर्न यो शिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ । विस्तृत जानकारीको लागी यस कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

सम्पर्क नम्बर : ९८५६०४४७४७

Specification and Quality

Variety – Chandler -Grafted Walnut Sapling, Rootstock – Juglans Regia, Pollinator–Franquette
Age – 2 Years , Height – 60– 90 cm above the graftinga



कतारमा रोजगार | कम्पनी : MADINA GROUP W.L.L. शहर: DOHA

पुर्व स्वीकृत मितिः २०७८/०९/१४ चलानी नं.: ६०१७१५६७ L.T. No.: 255132

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Technician Gen | 100 | 0 | स. काममा दक्ष | 1100 | ३६,०५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुस २३ गते (7 January 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Gulf Manpower Services Pvt. Ltd.
Hattigauda, Kathmandu, Nepal, Tel: 01-4374395, 4379332, 4379333
Fax: 01-4435443, E-mail: gulf@mos.com.np, info@gulfmanpower.com.np
Website: www.gulfmanpower.com
श्रम इजाजत नं. ०२३/०४८/०४९



मुसिकोट नगरपालिका
नगरकार्यपालिकाको कार्यालय, वामीटक्सार गुल्मी

बोलपत्र स्वीकृतीको आशयको सूचना

प्रकाशित मिति २०७८/०९/१५

यस कार्यालयवाट २०७८/०७/१८ गते प्रकाशित श्री महेन्द्र आदर्श नमुना माध्यमकि विद्यालयको प्रशासनिक भवन निर्माणकार्य सम्वन्धि (ठेक्का नं. B-02/2078-79) सूचना अनुसार अनलाईन मार्फत दर्ता हुन आएका बोलपत्रहरुको मूल्यांकन गर्दा तपसिल वमोजिम बोलपत्रदाताको बोलपत्र सारभूत रुपमा प्रभावग्राही देखिई उक्त बोलपत्र मिति २०७८ पौष १४ गतेको कार्यालयको वैठकको निर्णयअनुसार स्वीकृतीको लागी छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ वमोजिम र सोही दफाको उपदफा ३ को प्रयोजनार्थ सम्वन्धित सबैको जानकारीको लागी बोलपत्र स्वीकृत गर्न ७ (सात) दिने आशयको सूचना जारी गरिएको छ ।

तपसिल

| क्र.स. | विवरण | ठेगाना | बोलपत्र दाताको नाम र ठेगाना | कवोल रकम रु. (भ्याट सहत) |
|---|---|---|---|---|
| १ | विद्यालय भवन निर्माण महेन्द्र आदर्श माध्यमिक विद्यालय | मुसिकोट नगरपालिका-७, वामीटक्सार गुल्मी | लेवल अफ कन्स्ट्रकशन एण्ड सप्लायर्स | ५८२०९९६.२८ |

वोधार्थ :

१. नुतन निर्माण सेवा प्रा लि
२. सूर्योदय कन्स्ट्रकशन प्रा.लि. वडागाउँ ५ गुल्मी
३. शिवालय निर्माण सेवा रेसुङ्गा ५ तम्धास गुल्मी
४. कार्यशक्ति कन्स्ट्रकशन एण्ड इन्जिनियरिङ, नया वानेश्वर काठमाण्डौ
५. विष्णु निर्माण सेवा गलकोट-७ वाग्लुङ
६. भगवती कन्स्ट्रकशन वुटवल-१०, रुपन्देही
७. टण्डन कन्स्ट्रकशन प्रा. लि. रेसुङ्गा गुल्मी
८. एस. आर. पि. ग्रुप प्रा.लि. काठमाण्डौ
९. जेनिथ डेभलपर्स प्रा.लि. ववरमहल काठमाण्डौ
१०. श्रेष्ठ ट्रेडिङ ट्रेड सप्लायर्स तम्धास गुल्मी

खिमानन्द भुसाल
प्रमुख प्रशासकीय अधिकृत



साउदीमा रोजगार | कम्पनी: FAWZIA ABDULLAH IBRAHIM AL FAHD CAR SERVICES EST शहर: Riyadh

पुर्व स्वीकृत मितिः २०७८/०९/१४ चलानी नं.: ६०१७१५९० L.T. No.: 254913

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Labor | 4 | 0 | स. काममा दक्ष | 1000 | ३१,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुस २३ गते (7 January 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

अल-जाफर ईन्टरनेशनल प्रा. लि.
श्रम इजाजत पत्र नं.: ३१८/०५९/०६०
सामाखुसी-२६, टाउनप्लानिङ, काठमाडौं, नेपाल, फोन: ४३९०२२२
Email : info.alzafarnepal@gmail.com, Web.: www.alzafarnepal.com



साउदीमा वैदेशिक रोजगारको अवसर | कम्पनी: E-GROWTH शहर : DAMMAM

पूर्व स्वीकृत मितिः २०७८/०९/१४ चलानी नं.: ६०१७१५७० LT. No.: 255103

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electric Tools Preparing Labour | 1 | 0 | स. काममा दक्ष | 1200 | ३८,१२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुष २३ गते (7 January 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Miracle Employment Service (P.) Ltd
Po.Box: 20525, Baluwatar, Kathmandu, Nepal
Tel.: 01- 4416930, 4415239
Fax: 4415294, Email: miraclems@wlink.com.np
श्रम इजाजत पत्र नं.: ७१५/०६४/०६५



साउदीमा रोजगार | कम्पनी: GULF TAYBAT FOR TRADING CO शहर: DAMMAM

पूर्व स्वीकृत मितिः २०७८/०९/१४ चलानी नं.: ६०१७१५७९ LT. No.: 254984

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 4 | 0 | स. काममा दक्ष | 1000 | ३१,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुस २३ गते (7 January 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Nice Recruiting Agency Pvt. Ltd.
श्रम ई. पत्र नं. १०६२/०७३/०७४
Samakhusi-26, Kathmandu, Tel: 4354297
E-mail: info@niceagency1062@gmail.com, Website: www.niceagency.com.np



साउदीमा रोजगारको अवसर | कम्पनी : HADI MAHDI AL HABIL GENERAL CONTRACTING EST. शहर : AL QATIF

पूर्व स्वीकृत मितिः २०७८/०९/०८ चलानी नं.: ६०१७१५८६ LT. No.:254469

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Pan Road Machinery Driver | 5 | 0 | स. काममा दक्ष | 1800 | ५७,१८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ पुस २३ गते (7 January 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Om International Human Resources Pvt. Ltd.
Gov. Lic. No.:1437/074/075 | Address: Basundhara, Kathmandu, Nepal
Tel : 01-4363646, 4380145 | Mob: 9851003367, 9851099948, 9842634874, 9851182358, 9815872827.

# बिजेता खेलाडीको भव्य स्वागत

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ पुस



एसियन सेन्ट्रल जोन महिला भलिबल च्यालेन्ज कपको बिजेता नेपाली भलिबल टिम स्वदेश फर्किएको छ । बिहिबार बिहान त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थल

हुँदै स्वदेश फर्किएका नेपाली खेलाडीहरुलाई भव्य स्वागत गरीएको छ ।

प्रतियोगितामा अपराजित रहँदै उपाधि जितेको नेपाली महिला राष्ट्रिय भलिबल टोली र चौथो भएको पुरुष टोली बिहीबार स्वदेश फर्किएको हो । टोलीलाई युवा तथा खेलकुद मन्त्री महेश्वरजंग गहतराज (अथक) ले बिमानस्थल पुगेरै स्वागत गरेका हुन् । खेलाडीहरुको हौसला बढाउन बिमानस्थल पुग्नुभएका मन्त्री अथकले खेलाडीहरुलाई फुलगुच्छाले स्वागत गर्दै बधाई समेत दिएका छन् । त्यसक्रममा बाजासहित स्वागत गरिएको थियो । ६ राष्ट्र सहभागी सेन्ट्रल जोनमा उज्वेकिस्तानलाई फाइनलमा ३-२ ले पारजित गर्दै नेपाली महिला टिमले उपाधि रक्षा गरेको थियो । साविकको बिजेता महिला टिमले आफ्नो उपाधि रक्षा गर्दा पुरुष टिम भने चौथो स्थानमा रोकिन पुगेको थियो । खेलाडीहरुलाई स्वागत गर्दै मन्त्री अथकले नेपाली टिमको जितले गौरबको अनुभुती भएको बताए । देशको पहिचान र गौरव बढाउने राष्ट्रिय टिमका खेलाडीहरुलाई स्वागत गर्ने अबसर प्राप्त भएको भन्दै मन्त्री अथकले खुसी ब्यक्त गरे । महिला टिमले उपाधि रक्षा गरेको खबर प्राप्त भएलगत्तै बुधबार बसेको मन्त्रीपरिषदको बैठकले बिजेता खेलाडीहरुलाई जनही ५ लाखको दरले पुरस्कृत गर्ने निर्णय गरेको बताउँदै मन्त्री अथकले आगामी दिनमा थप जिम्मेवार र लगनशिल भएर खेल्न खेलाडीहरुलाई आग्रह समेत गरे । राष्ट्रिय खेलका रुपमा रहेको भलिबललाई ब्यवस्थित रुपमा विकास गर्दै लैजानुपर्ने धारणा राख्दै मन्त्री अथकले भलिबलकालागि छुट्टै कवर्डहल निर्माणका लागि पहल गर्ने प्रतिवद्धता समेत जनाएका छन् । "राष्ट्रिय खेलका रुपमा रहेको भलिबलको अहिलेसम्म एउटा पनि भौतिक संरचना नहुनु दुखद हो" मन्त्री अथकले भने, "ढुक्क हुनुहोस, अब भलिबलको आफ्नै कबर्डहल हुनेछ ।"

स्वागत पछि बोल्दै नेपाली राष्ट्रिय महिला भलिबल टोलीकी कप्तान अरुणा शाहीले बिजेता खेलाडीहरुलाई नगद राशीले सम्मान गर्ने सरकारको निर्णयले थप हौसला बढाएको बताइन् ।

"तपाईहरुले हाम्रो हौसला बढाईदिनुभएको छ । जुन सफलता हासिल गरेका छौं, अझै हामीले जिम्मेवारी थपिएको महशुस गरेका छौं । आगामी दिनमा अझै राम्रो गर्ने बाचा गर्न चाहन्छु", अरुणाले भनिन् । विमानस्थलपछि राखेप परिसरमा रहेको कर्भडहलमा पनि महिला टिमलाई स्वागत गरिएको थियो । उनीहरुलाई नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठ, राखेप उपाध्यक्ष शिब कोइराला ज्वालासहित राखेपका अन्य सदस्य र भलिबल संघका पदाधिकारीले स्वागत गरेका थिए ।

# कप्तान परिवर्तन हुँदैन : प्रशिक्षक दसानायके



**काठमाडौं/मस–** नेपाली राष्ट्रिय क्रिकेट टोलीका मुख्य प्रशिक्षक पुबुदु दसानायकेले कप्तान परिवर्तन नहुने बताएका छन् ।

मुख्य प्रशिक्षका रूपमा आफूले कार्यभार सम्हालेपछि पहिलोपटक बिहीवार आयोजित पत्रकार सम्मेलनमा उनले नेपाली राष्ट्रिय क्रिकेट टोलीको कप्तान परिवर्तन गर्ने अधिकार नेपाल क्रिकेट सङ्घ (क्यान)सँग भएकाले त्यस विषयमा आफूले केही भन्न नसक्ने बताए ।

उनले क्यान र खेलाडी दुवै पक्षसँग आफूले छलफल गरेको र क्यानले कप्तान परिवर्तन नहुने भनिएकाले सन्दीप लामिछाने नै कप्तान रहने बताए । क्यानले गत मङ्सिर २९ गते अनुशासनको कारण देखाउँदै ज्ञानेन्द्र मल्ललाई कप्तान र दीपेन्द्रसिंह ऐरीलाई उपकप्तान पदबाट पदमुक्त गरेको थियो ।

दसानायकेले खेलाडीको वर्गीकरणका विषयमा भने आफूले सक्दो पहल गर्ने उल्लेख गर्दै विश्वकप छनोटका लागि ३० खेलाडीलाई क्याम्पमा बोलाएको बताए ।

## ३० खेलाडी बोलाइए

**काठमाडौं/मस**-नेपाल क्रिकेट संघ क्यानले आसन्न आइसीसी टी २० विश्वकपको ग्लोबल छनोटका लागि पहिलो चरणमा ३० जना खेलाडीलाई बन्द प्रशिक्षणमा बोलाएको छ ।

मुख्य प्रशिषक पुबुदु दशानायके नेपाल आएको तेस्रो दिनमा नै क्यानले पहिलो चरणमा ३० खेलाडीको सूची सार्वजनिक गरेको हो । क्यानले क्याम्पमा बोलाएका खेलाडीमा सन्दीप लामिछाने (कप्तान), ज्ञानेन्द्र मल्ल, दीपेन्द्रसिंह ऐरी, शरद भेषवाकर, करण केशी, सोमपाल कामी, आरिफ शेख, विनोद भण्डारी, कुशल मल्ल, कुशल भुर्तेल, आशिफ शेख, कमलसिंह ऐरी, सहाब आलम, सन्दिप जोरा, अभिनाश बोहोरा, सुसन भारी, पवन सर्राफ, विक्रम शोब, भिम शार्की, रोहित कुमार पौडेल, प्रदिप ऐरी, गुल्सन झा, नन्दन यादव, जितेन्द्र मुखिया, विवेक कुमार यादव, सौरभ खनाल, राजेश मुलामी, किशोर महतो, सागर ढकाल, हरिशंकर शाह छन् ।

# राष्ट्रिय महिला लिग अर्को महिना

**काठमाडौं, मस–** अखिल नेपाल फुटबल संघ (एन्फा)ले राष्ट्रिय महिला लिग फुटबल आगामी माघ १५ गतेदेखि आयोजना गर्ने तयारी गरेको छ । एन्फा महिला समितिकी संयोजक पेमा लामाले माघ १५ गतेदेखि राष्ट्रिय लिग गर्ने तयारी भइरहेको जानकारी दिइन् ।

यस पटक राष्ट्रिय लिगमा ८ टिमले प्रतिस्पर्धा गर्नेछन् । पछिल्लो पटक ७ टिमले प्रतिस्पर्धा गरेमा उदयपुरको चौदण्डी नगरपालिका अन्तिम हुँदै रेलिगेसनमा परेको थियो । यसपटक महिला राष्ट्रिय लिग छनोट प्रतियोगिताबाट छनोट भएका दुई नयाँ टिमको राष्ट्रिय लिग खेल्नेछन् । साविक विजेता एपीएफ, त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब, वालिङ नगरपालिका, चन्द्रपुर नगरपालिका, विराटनगर महानगरपालिकाका सहित उपमेयर कप महिला राष्ट्रिय लिग छनोटका विजेता धनगढी उपमहामनगरपालिका र उपविजेता ललितपुर महानगरपालिकाले लिगमा प्रतिस्पर्धा गर्नेछन् । गत वर्ष डबल राउण्ड रोविनका आधारमा भएको लिगमा एपीएफले सबै १४ खेल जित्दै अपराजित रहेर उपाधि जितेको थियो ।

यसपटक डबल राउण्ड रोविन लिगका आधारमा हुने महिला राष्ट्रिय लिगका खेलहरु यसपटक काठमाडौं बाहिर लग्ने तयारी भइरहेको एन्फा महिला समिति संयोजक पेमा लामाले जानकारी दिइन् ।

# राष्ट्रिय भारोत्तोलन यसै महिना




**काठमाडौं, मस–** नेपाल भारोत्तोलन संघको आयोजनामा २४ औं पुरुष तथा ९ औं महिला राष्ट्रिय भारात्तोलन प्रतियोगिता पुस २७ गतेदेखि हुने भएको छ ।

प्रतियोगिता तीन विभागीय टोली नेपाल आर्मी, नेपाल प्रहरी र एपीएफसहित विभिन्न २० जिल्लाका गरी जम्मा २३ टिमको सहभागिता रहने आयोजक संघका अध्यक्ष रामकृष्ण श्रेष्ठ (बोस) ले बिहीबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराए । करिब २ सय खेलाडी सहभागी हुने छन् ।

जुनियर/सिनियर तथा युथ पुरुष/महिलातर्फ विभिन्न ४० तौलसमूहमा प्रतिस्पर्धा हुने छ । सहभागी टोलीको खाना, बसोवास र यातायात खर्च आयोजक संघले व्यहोर्ने छ । तीनदिने प्रतियोगिताका खेलहरु मध्यपुर थिमी नगरपालिकाको थिमी बैंक्युटमा हुने छ ।

अध्यक्ष श्रेष्ठले कोभिड- १९ का कारण लामो समयदेखि हुन नसकेको प्रतियोगितालाई सम्बन्धित सबैको साथ र सहयोगले सफल हुने विश्वास व्यक्त गरे । मध्यपुर थिमी नगरपालिकाका मेयर मदनसुन्दर श्रेष्ठले नगरपालिकाले खेल क्षेत्रलाई अगाडि बढाउन हरदम सहयोग गरिरहेको स्मरण गर्दै प्रतियोगितामा पनि नगरपालिकाको साथ र सहयोग रहने प्रतिबद्धता जनाए ।

नेपाल ओलम्पिक कमिटीका अध्यक्ष चतुरानन्दराज वैद्यले प्रतियोगिता सफलताका लागि शुभकामना दिए ।


## साउदीमा रोजगार | कम्पनी: FAHAD SHADDAD AL-MUTAIRI FARM
शहर: RIYADH

पुर्व स्वीकृत मिति: २०७८/०६/१५ चलानी नं.: ६०१७१०६८ LT. No.: 246912

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agricultural Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३१,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ पुस २३ गते (7 January 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु.१०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**United World Manpower Pvt. Ltd.**
श्रम इजाजत नं. १२२०/०७४/७५
Sinamangal-9, Kathmandu, Tel: 01-4116602, Fax: 4116602
Email: info@uwmanpower.com, uwmanpower@gmail.com, Web.: www.uwmanpower.com



## साउदीमा रोजगार | कम्पनी: KHALED SALEH AL HUSSEIN CONTRACTING EST
शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७८/०८/२३ चलानी नं.: ६०१६९९५१ LT. No.: 253305 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 25 | 0 | स. काममा दक्ष | 1000 | ३१,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वाता मेनपावर कार्यालय, कालोपुल, काठमाडौंमा २०७८ पुस २३ गते (7 January 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु स"ग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।


**फ्यूचर स्टार म्यानपावर (प्रा.) लि.**
FUTURE STAR MANPOWER PVT. LTD.
श्रम इजाजत नं.: ३९७/०६०/०६१
सामाखुसी, टाउनप्लानिङ्ग, काठमाडौं फोन: ४३६०५७६, ४३५०७१९
Email: futurestarmp397@gmail.com



## SAUDI मा रोजगार | कम्पनी : KARAZ RESTAURANTS TO SERVE MEALS
शहर : RIYADH

पूर्व स्वीकृत मिति: २०७८/०९/१४ चलानी नं.: ६०१७१५७४ LT. No.: 255106

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Maker | 4 | 0 | स. काममा दक्ष | 1500 | ४७,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुष २३ गते (7 January 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।


**Rays Recruitment Pvt. Ltd.**
Tokha Road, Mahalaxmi Marg-5 | Bashundhara, Kathmandu, Nepal
P.O. Box: 25046, Tel.: 01-4380343, 01-4388579
E-mail: raysrecruit@gmail.com | Website: www.rays-recruitment.com
Gov. Lic. No.: 787/065/066



## साउदीमा रोजगारको अवसर | कम्पनी: SABA GENTS TAILORING
शहर: AL HAFUF

पूर्व स्वीकृत मिति: २०७८/०९/१४ चलानी नं.: ६०१७१५६४ LT. No.: 254827

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Tailors | 3 | 0 | स. काममा दक्ष | 1200 | ३८,१२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुस २३ गते (7 January 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।


**Future Link International Pvt. Ltd.**
FutureLink — Connect to your future...
Gov. Lic. No. 839/066/067
P.O. Box.: 24253, Sinamangal-9, Kathmandu, Tel No.: 4488939, 4488940
Email: info@futurelinkint.com, futurelink786_2010@hotmail.com, futurelink78639@yahoo.com
Website: www.futurelinkint.com



## कतारमा रोजगार | १. कम्पनी: ROYAL TRANSPORT TRADING AND SERVICES
शहर: Doha

पूर्व स्वीकृत मिति: २०७८/०८/२४ चलानी नं.: ६०१७०१३६ L.T. No.: 253503 पून: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver (Bike) | 39 | 0 | स. काममा दक्ष | 1700 | ५५,६९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: Europe Elevators Escalators Co शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७८/०१/१५ चलानी नं.: ६०१५८१४८ L.T. No.: 240104 पून: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Blacksmith | 2 | 0 | | 1200 | ३९,३१२ | | | | | | | |
| 3. | Mechanic | 2 | 0 | | 2500 | ८१,९०० | | | | | | | |

३. कम्पनी: COMFORT ELEVATORS & ESCALATORS CO. WLL शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७८/०७/२८ चलानी नं.: ६०१६७५४३ L.T. No.: 250190 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 6 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 1 | 0 | | 1700 | ५५,६९२ | | | | | | | |
| 3. | MAINT TECHNICIAN | 5 | 0 | | 2000 | ६५,५२० | | | | | | | |
| 4. | Elevat Lift Worker | 4 | 0 | | 2000 | ६५,५२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुष २३ गते (7 January 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।


**रोयल इन्टरनेशनल ओभरसिज प्रा. लि.**
सामाखुसी-२९, काठमाडौं, श्रम ईजाजत नं. : १०३४/०७२/०७३
(रोयल वर्कफोर्स रिक्रुटिङ्ग कम्पनी प्रा.लि.)
Tel: 4385294, 4385295, 9801255512, Email: info.royal1034@Gmail.com



## साउदीमा रोजगार | कम्पनी : ANWAR MUSHRIFA CONT.EST.
शहर: SAUDI

पुर्व स्वीकृत मिति:२०७८/०९/१४ चलानी नं.:६०१७५५६६ L.T. No.: 255115

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 5 | 0 | स. काममा दक्ष | 1800 | ५७,१८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पौष २३ गते (7 January 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।


**गल्फ स्काई ईन्टरनेशनल प्रा. लि.**
Gulf Sky
श्रम ईजाजत नं. ८९०/०६७/०६८
बसुन्धारा-३, काठमाडौं, नेपाल, E-mail:gulfskyintl890@gmail.com
फ्याक्स : ५९०५०२७, फोन नं.: ५९०५०२६, ५९०५०२५, ९८४१३९७२७५, ९८४१७९२८८८



## साउदीमा रोजगार | कम्पनी: OBAID MOHAMMED AL-SAADI TRANSPORTING ESTABLISHMENT.
शहर : DAMMAM

पूर्व स्वीकृत मिति: २०७८/०९/१३ चलानी नं.: ६०१७१५८३ LT. No.: 254661

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 5 | 0 | स. काममा दक्ष | 1800 | ५७,१८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुस २३ गते (7 January 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।


**शल्मानी ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ८२८/०६६/०६७
कोटेश्वर, काठमाडौं, नेपाल, फोन: ०१-५१४७२२७, ५१४७२२८



डोको बिक्री गर्न हिंडेका वृद्ध

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-३, दानामा डोको बिक्रीका लागि हिँडेका वृद्ध ।
*तस्वीर : कृष्ण न्यौपाने/रासस*

# नेतृत्व चयन प्रणालीको बहसमा महासंघ

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, १५ पुस

निजी क्षेत्रका व्यवसायीहरुको छाता संगठन नेपाल उद्योग वाणिज्य महासंघ (एफएनसीसीआई)मा नेतृत्व छान्ने प्रणाली कस्तो बनाउने भन्ने विषयमा बहस भइरहेको छ। ६ वर्ष अघि जस्तै प्रत्यक्ष निर्वाचनमार्फत् अध्यक्ष चुन्ने वा हालको व्यवस्थाअनुसार नै वरिष्ठ उपाध्यक्ष स्वतः अध्यक्ष बन्ने भन्ने आन्तरिक बहस अहिले महासंघमा घनिभुत भएको छ।

अहिले महासंघको वरिष्ठ उपाध्यक्षमा निर्वाचित भएका पदाधिकारी आफ्नो कार्यकाल सकिएपछि स्वतः महासंघको अध्यक्ष बन्ने व्यवस्था रहेको छ। महासंघको वर्तमान सम्म कायम रहेको व्यवस्थाअनुसार नै वर्तमान अध्यक्ष शेखर गोल्छा र पुर्व अध्यक्ष भवानी राणा महासंघको नेतृत्वमा पुगेका हुन्।

२०७३ सालमा भवानी राणा वरिष्ठ उपाध्यक्ष रहेको अवस्थामा महासंघको विधान संसोधन गरेर निर्वाचित अध्यक्षको व्यवस्थालाई हटाइएको थियो। उक्त विधान संशोधन पश्चात भवानी राणा स्वतः अध्यक्ष बनेकी थिइन्। विधान संशोधनको ६ वर्षपछि फेरि नेतृत्व चयनमा पुरानै व्यवस्था कायम गर्न महासंघमा बहस भएको छ।

### निर्वाचन प्रणालीको बहसमा कार्यसमिति विभाजित

महासंघमा नेतृत्व निर्वाचन प्रणाली कस्तो कायम गर्ने भन्ने विषयमा महिनौ देखि बहस भइरहेको देखिन्छ। सो विषयमा महासंघ कार्यसमितिका पदाधिकारी तथा सदस्यहरुको मत विभाजित अवस्थामा देखिएको छ। एउटा पक्षले वर्तमान व्यवस्थलाई निरन्तरता दिनुपर्ने तर्क राखेको छ भने अर्को पक्षले प्रत्यक्ष निर्वाचित अध्यक्षको व्यवस्था कायम गर्नुपर्ने तर्क राखेको छ। महासंघका अध्यक्ष शेखर गोल्छा, पशुपति मुरारका र कुशकुमार जोशी लगायतको समुहले प्रत्यक्ष निर्वाचित अध्यक्षको पक्षमा बहस गरिरहेका छन्। उनिहरुलाई वर्तमान तथा पुर्व कार्यसमितिमा रहेका एउटा समुहले साथ दिएको देखिन्छ। तर अध्यक्ष निर्वाचित गर्ने वर्तमान व्यवस्थाको संशोधन गर्ने पक्षमा वर्तमान कार्यसमितिका अधिकांश पदाधिकारी नरहेको देखिन्छ।




> अहिले अध्यक्ष गोल्छाले विधान संसोधनको विषयलाई आँफैले नेतृत्व गरेर बहसमा उत्रिएपछि आगामी कार्यकालमा नेतृत्वको लाइनमा बसेका उनकै समुहका अधिकांश पदाधिकारीले उनको तर्कलाई साथ नदिने देखिएको छ।

अहिले महासंघको पदाधिकारीमा अध्यक्ष गोल्छासहित निवर्तमान अध्यक्ष राणा, वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकाल, जिल्लानगर उपाध्यक्ष दिनेश श्रेष्ठ, वस्तुगत उपाध्यक्ष अन्जान श्रेष्ठ, एसोसिएट्स उपाध्यक्ष रामचन्द्र संघाई र कोषाध्यक्ष शकुन्तलाल हिराचन रहेका छन्। जसमध्ये ढकाल र संघाईले मात्रै फरक प्यानलबाट विजय भएका हुन्, अन्य पदाधिकारी भने अध्यक्ष गोल्छाको नेतृत्वमा रहेको प्यानलबाट नै विजयी भएर आएका थिए। तर अहिले अध्यक्ष गोल्छाले विधान संसोधनको विषयलाई आँफैले नेतृत्व गरेर बहसमा उत्रिएपछि आगामी कार्यकालमा नेतृत्वको लाइनमा बसेका उनकै समुहका अधिकांश पदाधिकारीले उनको तर्कलाई साथ नदिने देखिएको छ।

२०७३ सालमा महासंघको पुरानो व्यवस्थालाई ९० प्रतिशत भन्दा धेरै सदस्यहरुको पक्षले संसोधन गरेर नयाँ व्यवस्था कायम गरेको थियो। महासंघका पुर्व अध्यक्ष कुशकुमार जोशीको नेतृत्वमा रहेको विधान संशोधनको मस्यौदा तयार गरेर पेश गरेर केही बैठकमा छलफल समेत भइसकेको छ। मस्यौदा माथि छलफल भएतापनि पदाधिकारी तहमा आवश्यक छलफल नै नगरी कार्यसमिति बैठकमा पेश गरिएको भन्दै केही पदाधिकारीको गुनासो रहेको छ। जिल्लानगर उपाध्यक्ष दिनेश श्रेष्ठले पदाधिकारीहरुले मस्यौदा पढ्न नै नपाइकन पारित गर्नेतर्फ नेतृत्व लागेको सञ्चारकर्मीलाई बताएका छन्। उपाध्यक्ष श्रेष्ठका अनुसार पदाधिकारीहरुले पारित हुनुपुर्व मस्यौदा पढ्न पाउनुपर्ने माग राखेका छन्।

### महासंघको विधान संशोधन प्रक्रिया

उद्योग वाणिज्य महासंघको ५४ औं वार्षिक साधारणसभाबाट निर्वाचित कार्यकारिणी समितिको पहिलो बैठकले विधान संशोधन आवश्यक भएको औंल्याउँदै पुर्व अध्यक्ष कुशकुमार जोशीको नेतृत्वमा विधान संशोधन समिति गठन गरेको थियो। उक्त समितिले विधान संशोधनको मस्यौदा तयार गरेर यहि पुस १ गते नेतृत्वलाई हस्तान्तरण गरेको छ।

तय भएको मस्यौदा पदाधिकारी तहमा छलफल गरि पारित गरेर कार्यसमितिमा पेश गर्ने प्रकृया अवलम्बन गरिन्छ। मस्यौदालाई कार्यसमितिले पारित गरेपछि प्रदेश, जिल्ला र पालिका कार्यसमितिमा छलफलको लागि पठाइन्छ। प्रदेश, जिल्ला र पालिका तहमा छलफल भएर सुझाव सहित कार्यसमितिमा आएपछि महासंघले विशेष साधारणसभामार्फत विधान संशोधनलाई अगाडि बढाउनुपर्दछ। विशेष साधारण सभाबाट विधान संशोधन पारित भएमा नेपाल सरकार मन्त्रिपरिषदको बैठकले पारित गरेपछि लागु हुने व्यवस्था महासंघमा रहेको छ।

# लक्ष्मी लघुवित्त संस्थाद्वारा बीमा रकम हस्तान्तरण

**सुशीला रेग्मी/मध्यान्ह**
पाल्पा, १५ पुस

लक्ष्मी लघुवित्त वित्तीय संस्था लिमिटेड रामपुर पाल्पाले बीमा रकम हस्तान्तरण गरेको छ। रामपुर नगरपालिका २ बस्ने दिलमाया सार्कीको निधन भएपछि उनको परिवारलाई बीमा रकम हस्तान्तरण गरिएको हो।

रामपुर नगरपालिका ४ सदावर्तमा संचालित संस्थाको कार्यालयबाट मृतक सार्कीले रु तीन लाख कर्जा लिएको शाखा प्रमुख अम्मरराज जोशीले बताए। संस्थाबाट ऋण चलाउदा मृतक सार्कीले ऋण अनुसारको बीमा गरेको जोशीले बताए।




मृत्यु भएपछि बीमा कम्पनिले कर्जा बापतको रकमका साथै काजक्रिया खर्च बापत २५ हजार गरी जम्मा रु तीन लाख २५ हजार रकम मृतकका श्रीमान् बिष्णुबहादुर सार्कीलाई वडा नं. २ का वडा अध्यक्ष ताराबहादुर थापाले हस्तान्तरण गरेका थिए।

# डिजिटल स्कूल तथा कलेजका लागि 'स्कूल वर्क्स प्रो'

**काठमाडौं/मस** – शैक्षिक संस्थाको परम्परागत शिक्षा व्यवस्थापन प्रणालीलाई डिजिटल बनाउनको लागि डिजि टेक्नोलोजी प्रालीले 'स्कूल वर्क्स प्रो' सञ्चालनमा ल्याएको छ।

schoolworkspro .com
" First BI Integrated School Solutions "

डिजिटल नेपालको महाअभियान चलिरहेको बेला स्कूल वर्क्स प्रो विद्यालय र कलेजलाई डिजिटल बनाउने एक उत्कृष्ट सफटवेयर बनेको डिजि टेक्नोलोजीका सिइओ प्रमोद पौडेल बताउँछन्। सफ्टवेयर मार्फत अभिभावकले घरमै बसेर आफ्ना वालवालिकाको शैक्षिक अवस्था, स्कूल फि, विद्यालयको एकेडेमिक क्यालेन्डर हेर्न सक्नेछन् जसले गर्दा विद्यार्थीको पढाईको स्तर बुझ्न परीक्षा नै कुर्नु पर्ने अवस्थाको अन्त्य हुने पौडेलको धारणा रहेको छ।

शिक्षकले सफटवेयरमै गृहकार्य/असाइनमेन्ट दिने र सो को जाँच गर्ने, प्रत्येक विद्यार्थीको शैक्षिक अवस्था बुझ्ने, पाठ्यक्रमहरू थप्ने, विभिन्न क्विज/पोल मार्फत विद्यार्थीको गतिविधि बढाउने गर्न सक्छन्। कक्षाको रुटिङ, शैक्षिक स्रोत साधन व्यावस्थापन लगायत इ-लाइब्रेरी समेत सफ्टवेयरमै उपलब्ध छ। स्कूल तथा कलेजको व्यवस्थापन पक्षले आर्थिक व्यवस्थापन, शिक्षक तथा कर्मचारीको दैनिक कामको मुल्यांकन, रिजल्ट व्यवस्थापन लगायत सम्पुर्ण व्यवस्थापकिय काम सफ्टवेयर मार्फत नै नियन्त्रण गर्न सक्नेछन्।

त्यस्तै विद्यार्थीहरूको शैक्षिक परिणाम मूल्याङ्कन गर्न, परीक्षा सञ्चालन गर्न, अभिभावक र शिक्षक तथा शैक्षिक संस्थाबिच सम्पर्क चुस्त राख्न सफ्टवेयर उपयोगी छ। विद्यार्थीले सफ्टवेयरबाटै अरु विद्यार्थीको तुलनामा आफ्नो स्तर बुझ्न सक्छन् भने होमवर्क लिन र बुझाउन, बिदा तथा शैक्षिक क्रियाकलापको जानकारी सफ्टवेयरबाटै लिन सक्नेछन्। 'स्कूल वर्क्स प्रोको कार्यान्वियन पश्चात मानव संसाधन, प्रिन्ट, संचार लगायतको खर्च घट्छ।' पौडेल थप्छन् 'प्रविधिको सदुपयोगले सिमित कर्मचारीबाट पनि इफिसेन्सी बढाउन सकिन्छ।'

शिक्षामा अन्तरक्रियात्मक व्यवस्थालाई प्राथमिकता दिदै स्कूल वर्क्स प्रोले विद्यालय तथा कलेजहरूलाई शैक्षिक प्रणाली व्यवस्थापनको झन्झटिलो परम्परागत प्रक्रियालाई हटाएर एकिकृत प्रणालीमा व्यवस्थापन गर्न सहयोग पुऱ्याउने प्रालीको धारणा रहेको छ। स्कूल वर्क्स प्रोको सुबिधा वेबमा मात्र नभई मोबाइल एप मार्फत पनि लिन सकिने बताइएको छ। स्कूल वर्क्स प्रोको निर्माता डिजि टेक्नोलोजी आइटी शिक्षामा दशौं बर्ष अनुभवीहरुको टिमले सन्चालन गरेको आइटी कम्पनी हो।

# कुमारी बैंकको सिष्टम ह्याक गर्ने चेतावनी

**काठमाडौं/रासस** - अपरिचित समूहले कुमारी बैंक लिमिटेडको सिष्टम ह्याक गर्ने चेतावनी दिएको छ। बैंकको सूचना प्रविधि शाखामा साउदी ग्रुप नाम गरेको इमेलबाट ह्याकरले सिष्टम ह्याक गर्ने चेतावनीसहितको चेतावनी आएको बैंकले जनाएको छ। बैंकका कार्यवाहक प्रमुख कार्यकारी अधिकृत अनुजमणि तिमिल्सिनाले ह्याक गर्ने धम्की आएपछि बैंकको सबै सिष्टम बन्द गरिएको जानकारी दिए। उनका अनुसार ह्याकरले चेतावनी दिनासाथ सिष्टम बन्द गरिएको थियो। आवश्यक परीक्षणपछि बैंकका सबै सिष्टम खोल्ने तयारी गरिएको छ।



धम्की कहाँबाट आयो भन्ने विषयमा थप अध्ययन गरिरहेको बैंकले जनाएको छ। बैंकले आफ्नो फेसबुक पेजमा दिउँसो एक सूचना राख्दै केही समयका लागि बैंकका सबै सिष्टम बन्द रहेको जनाएको छ। धम्कीपछि बैंकले एटिएम कार्ड, मोबाइल बैंकिङ एप, इन्टरनेट बैंकिङलगायतका सेवा बन्द गरेको छ। कुमारी बैंकमा आएको चेतावनीपछि सम्पूर्ण बैंकलाई सतर्कता अपनाउन आग्रह गरिएको नेपाल बैंकर्स सङ्घले जनाएको छ। सङ्घका अध्यक्ष अनिल उपाध्यायले अहिलेसम्म कुनै बैंकमा पनि समस्या नआएको जानकारी दिए। 'हामीले सबैलाई सतर्कता अपनाउन आग्रह गरिसकेका छौँ, अहिले नै आत्तिहाल्नुपर्ने अवस्था छैन', उनले भने। यसअघि गत साउनमा राष्ट्रिय वाणिज्य बैंकलगायतका बैंकलाई समेत सिष्टम ह्याक गर्ने धम्की आएको थियो।

# बारामा तीन अर्ब ५४ करोडको अगहनी धान उत्पादन

**काठमाडौं/रासस** – बारामा किसानले यसवर्ष रु तीन अर्ब ५३ करोड ९४ लाख बराबरको एक लाख ४१ हजार ५७७ मेट्रिकटन अगहनी धान उत्पादन गरेका छन्।

उत्पादित धान व्यापारीले प्रति क्विन्टल रु दुई हजार ५०० का दरले खरिद गरेका छन्। अगहनी धान उत्पादनमा गत वर्षको तुलनामा ५० प्रतिशतले कमी आएको कृषि ज्ञानकेन्द्रका प्रमुख जीतेन्द्र यादवले जानकारी दिए। यस वर्ष किसानले सोना मन्सुली, सावित्री, स्वर्णसवा १, सवा मन्सुली, राधा ११ र राधा ९ जातका धान ३४ हजार ११५ हेक्टरमा लगाएका थिए। बाली विकास अधिकृत राजकरण साहका अनुसार आर्थिक वर्ष २०७७/७८ मा किसानले अगहनी धान ३४ हजार १६५ हेक्टर क्षेत्रफलमा लगाएका थिए। प्रति हेक्टर चार दशमलव २५ मेट्रिक टनका दरले एक लाख ४५ हजार २०१ मेट्रिक टन धान उत्पादन भएको थियो।



# थाङपालधाप साना किसान सहकारीको साधारणसभा सप्पन्न



**सिन्धुपाल्चोक/मस** – सिन्धुपाल्चोक जिल्लाको उत्तर पशिचमी भेगमा पर्ने पाँचपोखरी थाङपाल गाउंपालिका वडा नम्बर ६, थाङ्पालधापमा संचालित थाङपालधाप साना किसान सहकारी संस्था लिमिटेडको तेश्रो वार्षिक सभाको नेकपा एमालेका नव निर्वाचित स्थायी कमिटि सदस्य एबम पुर्व मन्त्री एबम सोही क्षेत्रबाट निर्बाचित माननीय शेर बहादुर तामाङले आज एक समारोहबीच उद्घाटन गरेका छन्।

उक्त कार्यक्रममा आफ्नो शुभकामना मन्तव्य राख्नु हुंदै पुर्वमन्त्री तामाङले राज्यको तीन खम्बे अर्थनीतिको एउटा महत्वपूर्ण खम्बा सहकारी क्षेत्र रहेको र त्यस मध्ये पनि साना किसान सहकारीले निम्न आय भएका किसानहरुको जिवनस्तर उकास्न झनै महत्वपूर्ण भुमिका निर्वाह गर्ने बताए। साथै सहकारीको उत्तरोत्तर प्रगतिको लागि आफ्नो निरन्तर साथ र सहयोग रहने प्रतिबद्धता समेत ब्यक्त गरेका छन्। करिब तीन बर्ष अगाडी स्थापित सो सहकारी संस्थाको बार्षिक कारोबार रु. ३,२९,९०,१९२ रहेको, ऋण लगानी रु.३,०६,७१,९५६ रहेको छ। सो सहकारीमा ४१७ जना किसानहरु सदस्य रहेका छन्।

कार्यक्रममा संस्थाका शेयर सदस्य एवं याङरीमा बचत तथा ऋण सहकारी संस्था लि.का अध्यक्ष निर्मल बन्जारा, याङरी लार्के सरोकार समितिका कोशाध्यक्ष सोमर बोम्जन, आर सो नेपालका कार्यक्रम संयोजक हर्क गोले, गाउंपालिका प्रतिनिधि ध्रुब लामिछाने, वडा अध्यक्ष मान बहादुर तामाङ,गाउं कार्यपालिका सहकारी बिभाग प्रमुख एबम वडा नम्बर २ का वडा अध्यक्ष पासाङ लामा, गाउँ पालिका उपाध्यक्ष सुनिता अधिकारी लगायतले आफ्नो शुभकामना मन्तव्य राखेका थिए। कार्यक्रममा उत्कृष्ट बचतकर्ताहरुलाइ सम्मान गरिएको थियो।

# 'इजाजतप्राप्त' वाक्यांश राख्ने सुर्या लाईफ पहिलो

**काठमाडौं/मस** – सुर्या लाईफ इन्स्योरेन्स कम्पनी 'बीमा समितिबाट इजाजतप्राप्त' भन्ने वाक्याशं राख्ने पहिलो कम्पनी बनेको छ।

सुर्या लाइफ इन्स्योरेन्स कम्पनी लि.
SURYA LIFE
तपाईंको भविष्य, हाम्रो अभिभारा

नेपालको जीवन बीमा ब्यवसायमा मौलिक पहिचान तथा नयाँ उचाईमा पुग्ने लक्ष्यका साथ अगाडी बढिरहेको सूर्या लाइफले सेवामा उत्कृष्टता कायम गर्ने प्रतिबद्धताका साथ साईन बोर्डमा बीमा समितिको 'बीमा समितिबाट इजाजत प्राप्त' भन्ने वाक्यांश राख्न दिएको निर्देशन पालन गर्ने पहिलो जीवन बीमा कम्पनी बनेको हो।

नियमनकारी निकाय बीमा समितिको यही मंसिर दुई गतेको पत्रबाट प्रत्येक बीमकले आफ्नो केन्द्रीय/प्रदेशिक कार्यालय लगायत सम्पूर्ण शाखा उपशाखाहरुमा साईन बोर्डमा यही मंसिर मसान्तभित्र अनिवार्यरुपमा 'बीमा समितिबाट इजाजतप्राप्त' भन्ने वाक्यांश राख्न निर्देशन दिएको र सोही निर्देशन बमोजिम निर्धारित अवधि भित्रै सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले आफ्नो कर्पोरेट कार्यालयको साथै सबै शाखा कार्यालयहरुमा निर्देशन बमोजिम 'बीमा समितिबाट इजाजत प्राप्त' भन्ने वाक्यांश सहितको नामपेटिका राखिसकेको जानकारी दिएको छ।

# वालिङका किसानलाई हाते ट्र्याक्टर मर्मत तालिम

**स्याङ्जा/रासस** – वालिङ नगरपालिकाले किसानलाई हाते ट्र्याक्टर सम्बन्धी तालिम प्रदान गरेको छ। नगरपालिकाले बर्सेनि हाते ट्र्याक्टर वितरण गर्दै आए पनि बिग्रेपछि प्रयोगबिहीन हुने समस्या बढ्दै गएकाले किसानलाई मर्मतको तालिम दिइएको हो।

मर्मत गर्न सिकाएर हाते ट्र्याक्टर सञ्चालन गर्न सकियोस् भन्ने उद्देश्यका साथ किसानलाई तालिम प्रदान गरिएको नगर प्रमुख दिलीपप्रताप खाँणले बताए। वालिङ नगरपालिका र युएनडिपी नेपालको साझेदारीमा 'कोभिड-१९ उद्दार र सामाजिक आर्थिक प्रतिकार्य पहल परियोजना' अन्तर्गत किसानलाई हाते ट्र्याक्टर मर्मतसम्बन्धी एकहप्ते तालिम दिइएको हो। तालिममा वालिङका १४ वडाका ५० कृषक सहभागी छन्। 'गाउँ गाउँमा हाते ट्र्याक्टर छन्, कतिपय बिग्रेपछि थन्क्याइएको छ', नगर प्रमुख खाँणले भने, 'प्रयोगबिहीन भएपछि नयाँ किन्ने गरेको पाइयो, त्यसैले किसानलाई तालिम दिएर मर्मत गरी पुनः सञ्चालन गर्न सक्ने बनाउने योजना छ।' गाउँमै मर्मत गर्न सक्ने भएपछि बजार लैजानुपर्ने बाध्यता हटेर जाने खाँणको भनाइ छ।

के तपाईंको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन) मुद्रक: रोशन अफसेट प्रेस, भक्तपुर, सम्पादक: मदनकुमार श्रेष्ठ